# अध्याय - एक

# अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

घर परिवारभित्र हुने विभिन्न प्रकृतिका शोषण, दमन र विभेदलाई घरेलु हिंसा अन्तर्गत राखेर हेर्न सकिन्छ । यसमा मानसिक यातनादेखि यौनजन्य यातना ,कुटपिटदेखि शिक्षाँ, स्वास्थ्य लगायतका क्षेत्रमा गरिने विभेदलाई जनाउँछ । अथवा कुनैपनि परिवारको एक सदस्यले अर्को सदस्यलाई शारीरिक, मानसिक, यौनजन्य रुपमा गरिने पिडालाई घरेलु हिंसा भनिन्छ । यस्तो हिंसाले पिडितलाई शारीरिक, मानसिक, यौनजन्य क्षति वा पिडा पुऱ्याएको हुन्छ । हिंसाभित्र कुटपिट, छोराछोरी बीचमा भेदभाव, दाइजोको कारणबाट गरिने दुर्व्यवहार, खान लाउन नदिनु, घरबाट निकाला, यौन शोषण गर्नु, घरभित्र थुनेर राख्नु, गाली बेइज्जति तथा अश्लील शब्दको प्रयोग गर्ने, चेलीबेटी बेचबिखन, बलत्कार गर्नु, झुट्टा आरोप लगाउनु, धम्की वा अनुचित व्यवहार गर्नु आदि पर्दछन् । महिलामाथि हुने हिंसाभित्र महिला भएकै कारणले भोग्नु परेका विभिन्न खालका असमान व्यवहार तथा भेदभावपूर्ण कार्यहरु नै महिला हिंसा हो (आचार्य, २०६८) ।

विश्वव्यापी रुपमा महिला सम्वन्धी विभिन्न सभा र सम्मेलनहरु जस्तै पहिलो, दोस्रो, तेस्रो , चौथो विश्व महिला सम्मेलनले महिला विरुद्धको हिंसा अन्त्य हुनुपर्ने कुरालाई जोड दिएका छन् । हाम्रो देशमा घरेलु तथा बाह्य क्षेत्रमा महिलाहरुले हिंसा सहन वाध्य छन् । देशमा विद्यामान हिंसाहरु कतै प्रत्यक्ष छन् त कतै परम्परागत सांस्कृतिक निरन्तरताका निहुमा गरिएका छन् । नेपालमा महिला विरुद्ध हिंसाहरु यौनदुर्व्यहार, यातना, बेचविखन, हाडनाता करणी , यौनजन्य अपराध, दाइजो दुलहीको मोलतोल, घरेलु हिंसा , झुमा प्रथा, कुमारी प्रथा, वादीवदीनि प्रथा बोक्सीको आरोप आदि लैङ्गिक हिंसा हुन् । कुनै पनि एउटा व्यक्ति वा समूहले अर्को व्यक्ति वा समूहलाई नियतीवश मनोवैज्ञानिक तनाव सिर्जना गर्नु, गाली बेइज्जति र कुटपिट गर्नु, सामाजिक, सांस्कृतिक तथा धार्मिक बहिष्कार गर्न वा भेदभाव गर्नु आदि सवै कार्यलाई लैङ्गिक हिंसा भनिन्छ (के.सी २०७२) ।

नेपाल पितृसत्तात्मक समाजमा आधारित देश हो । जहाँ महिलाहरुको तुलनामा पुरुषको स्थान उच्च हुने भएकोले महिलामाथि हिंसा हुने गरेको पाइन्छ । यहाँ कुल जनसङ्ख्याको आधा भाग ओगट्ने महिलाहरु भएतापनि उनीहरुको कुनै स्थान नभएको देखिन्छ । महिलाले पाउनुपर्ने नैसर्गिक अधिकार समेत पाएका छैनन् । महिलाहरु घरबाहिर हिडडुल गर्दा, जागिरमा जाँदा, आफ्नो कुरा सार्वजनिक गर्दा पुरुषहरुको स्वीकृति चाहिन्छ । बोली वा शब्दमा मात्र महिला र पुरुष एकै रथका दुई पाङ्ग्रा हुन् भनिन्छ । अन्धविश्वास, कुरीति, कुप्रथाले व्याप्त हाम्रो

समाजमा महिलाहरु पिडा सहेर बाँच्न बाध्य भएका छन् । मिठो र धेरै खानेकुरा, राम्रो कपडाहरु छोरीलाई भन्दा छोरालाई स्वयम् महिलाले नै दिन्छन् (www.meroreport.net).

हिन्दु धर्मको प्राचीन, ग्रन्थ, पुराण, वेदमा महिलालाई भगवती, लक्ष्मी, सरस्वती आदिको प्रतिकका रुपमा पूजा गर्दै शक्तिस्वरुप मानिएको पाईन्छ । कालान्तरमा हिन्दु धर्मभित्र महिलालाई दासी र पुरुषलाई स्वामीका रुपमा चित्रण गर्न थालियो । त्यस्तै इस्लाम र क्रिश्चियन धर्मभित्र पनि महिलालाई पुरुष समान ब्याख्या गरेको पाइन्छ । पछि गएर निजी सम्पत्तिको उदयसँगै पुरुषकै स्वार्थअनुरुप महिलालाई दासीका रुपमा परिभाषित गर्दै घरभित्र सिमित गरिएको देखिन्छ ।समाज निर्माण र निरन्तरताको लागि महिला र पुरुष उत्तिकै महत्वपूर्ण र अनिवार्य छन् । यस आधारमा समान हुनुपर्ने भए पनि पुरुषको स्वार्थले राजाका रानी, रानीका दासीहुदैँ महिला शोषित पिडित भई आएको पाइन्छ (www.ekantipur.com/nari/issues) ।

बिहान उठेदेखि बेलुकी सुत्ने बेलासम्म महिलाहरु घरभित्रको काम र बिशेष गरी कृषि काममा व्यस्त हुन्छन् । थोरै मात्र महिलाहरु पढ्ने, जागिर गर्ने, संघसंस्थामा लाग्ने गरेको पाइन्छ । त्यही एउटै परिवारमा बस्ने पुरुषहरु दिनको ८ घण्टा काम गरेर घरपरिवारमा उच्च स्थानमा बस्ने गरिन्छ । पौडेल (२०६८) का विचारमा समान अधिकारको अभावले महिलालाई मूल्यहीन र गन्तव्यहीन बनाएको छ । महिलाहरुले घरपरिवारमा धेरै काम गरेता पनि औषधि उपचार लगायत अन्य खर्चको लागि उनीहरुले पुरुषहरुको मुख ताक्नुपर्ने अवस्था छ ।

हाम्रो समाजमा आमाबुबाले छोरीको जात अर्काको घर जाने जात भनेर छोरीलाई शिक्षामा पैसा लगानी गरिदैन भने शिक्षित महिलाहरुको विवाह महंगो हुने तथा महिलाको परिश्रम घरभित्र र खेतीपातीमा बढी आवश्यक हुने भएकाले पनि महिलालाई शिक्षा दिनमा अवरोध हुन गएको हो । छोरीलाई विद्यालय नपठाउने, पठाएपनि घरको काम सकाएर, भाईबहिनीहरुको रेखदेख समेत गरेर विद्यालय जानुपर्ने, महिनावारी हुँदा घरबाहिर बस्नुपर्ने जस्ता थुप्रै समस्याहरु समाजमा महिलाहरुले भोग्दै आएका छन् । महिलाहरुको शरीरमाथि समेत पुरुषहरुको अधिकार रहने, बच्चा कति जन्माउने, परिवार नियोजन गर्ने की नगर्ने आदि व्यक्तिगत कुराहरुमा समेत निर्णय गर्ने अधिकार महिलाहरुले पाएका छैनन् । (नारी जेठ, २०७१)

२१ औं शताब्दीसम्म आइपुग्दा पनि लिङ्गकै कारण महिला विभेदीत र हिंसा पिडित बनेर बस्नु परेको अवस्था छ । जुन एक सिमित क्षेत्र वा परिवेश मात्रको प्रश्न नभई पुरा मुलुकका महिलाहरुको प्रश्न भएको छ। हाम्रो समाजमा सामाजिक विभेद, जातीय विभेद, लैङ्गिक विभेद, पितृसत्तात्मक सोच, अशिक्षित महिला, जनसङ्ख्याको तीव्र वृद्धि हुनु, आर्थिक स्तर बृद्धि नभई आम रुपमा गरिबी बढ्नु, शिक्षाको उचित प्रबन्ध नहुनु, जनचेतनाको अभाव हुनु, रुढीवादी

परम्परा एंव कानुनको प्रभावकारी रुपमा कार्यान्वयनको अभाव जस्ता विषय नै महिलामाथि हिंसा हुनुका प्रमुख कारणका रुपमा देखिएका छन् ।

यसरी समग्रमा भन्नुपर्दा हिंसा कुनै पनि मानिस माथि गरिने शारीरिक, मानसिक यातना, गाली गलौज, कुटपिट आदि हुन् । हिंसा महिला, पुरुष, बालबालिका जसका विरुद्धमा पनि हुन सक्छ साथै हिंसा गर्ने कार्य पनि महिला पुरुष जुनसुकै वर्गबाट पनि हुन सक्छ । यस अध्ययनमा महिला विरुद्धमा हुने हिंसाको प्रकारका बारेमा व्याख्या गरिएको छ । अध्ययनका क्रममा महिलाप्रति हुने हिंसाका कारण, असरहरु खोज्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

महिलाहरुमाथि हुने हिंसामध्ये घरेलु हिंसा एक प्रमुख हिंसा बनी विश्वव्यापी समस्याको रुपमा रहेको छ । विभिन्न किसिमका हिंसाहरुले महिलाको जीवन निकै दुःख एंव पिडादायी अवस्थामा गुज्रिरहेको छ । हाम्रो समाजमा दिन प्रति दिन बढ्दो जनसङ्ख्या, बेरोजगारी, गरिबी, स्रोत तथा साधनको असमान वितरण, अशिक्षा आदिका कारण महिलाहरु घरायसी हिंसाबाट पिडित छन् । विकास, शान्ति र समानताको प्रमुख बाधक तत्वका रुपमा हिंसा नै देखा पर्दछ । नेपाल पनि एक पुरुष प्रधान समाज भएकोले हरेक क्षेत्रमा पुरुषहरुको स्थान उच्च र महिलाहरुको स्थान निम्न रहेको पाइन्छ । प्रत्येक घर परिवारमा महिला माथि पुरुषले गालीगलौज, कुटपिट, शारीरिक तथा मानसिक यातना दिएर हिंसाको सिर्जना गरेको पाइन्छ ।

छोरी, दिदीबहिनी, श्रीमती, बुहारी, आमा आदि विभिन्न प्रकारका भूमिका निर्वाह गर्ने महिलाले पुरुषहरु सरह नै विकास निर्माणका प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । समाजमा व्यक्तिले महिला भएकै कारणले भोग्नु परेका पीडा, दुःख, मर्का, यातना आदि महिलाहरु माथि हुने गरेका हिंसा नै यस अध्ययनमा दर्शाउन खोजिएको समस्या हो ।

महिलामाथि हुने मुख्य हिंसा नै भ्रुण हत्या हो, यसको कारणले महिला संसारमा आउनु अघि नै हत्या गरिन्छ । युवा अवस्थामा महिलामाथि हुने हिंसामा बलात्कार, बेचबिखन, बजरजस्ती इच्छा विपरीत विवाह गरिदिने, खानपान लगायत घरायसी काममा समेत महिलाहरु माथि भेदभाव पूर्ण व्यवहार गरिन्छ भने विवाहपश्चात गरिने हिंसामा दाइजोको कारणले हुने हिंसा, लिङ्गको परिक्षण गरी छोरीको गर्भपतन, गर्भवती महिलाले पाउनुपर्ने स्याहार-सुसारको कमी, पोषिलो खानाको कमी, बढी काममा खट्नुपर्ने, शारीरिक तथा मानसिक यातनाहरु पर्दछन् भने प्रौढ अवस्थामा हुने हिंसामा घरायसी काममा शोषण गर्नु, हेरविचारमा कमी, औषधि उपचारबाट वञ्चित गर्नु आदि पर्दछन् ।

यसरी हेर्ने हो भने महिलाहरु धेरैजसो क्षेत्रमा पनि हिंसाको शिकार भएको देखिन्छ । त्यसैले प्रस्तुत अध्ययन कीर्तिपुर नगरपालिका वडा नं.१६ मा महिलामाथि हुने घरेलु हिंसालाई समस्याका रुपमा लिइएको छ । छनौटमा परेका महिलाहरु के-कस्ता हिंसात्मक व्यवहारका

शिकार भएका छन्, महिलाहरु किन पछाडी परेका छन्, महिला आफैका समस्याहरु के-के छन्, पारिवारिक सम्पत्ति माथिको स्वामित्व आदि विभिन्न पक्षहरुमा के-कस्तो भूमिका छ भन्ने कुराको वास्तविकता पत्ता लगाउनु आजको आवश्यकता पनि हो । तसर्थ यो अध्ययनमा निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयत्न गरिएको छ ।

क) अध्ययन क्षेत्रमा महिलाहरु माथि हुने घरेलु हिंसाका प्रकारहरु के-के छन् ?

ख) समाजमा महिला हिंसाका प्रमुख कारणहरु के-के हुन्छन् ?

ग) महिला हिंसाका कारणले अध्ययन क्षेत्रमा के-कस्ता असरहरु पारेका छन्

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नु भन्दा अगाडी उद्देश्यहरु तोकिनुपर्दछ ।यस अध्ययनमा पनि केही उद्देश्यहरु राखिएका छन् ती निम्न प्रकारका छन् ।

क) यस क्षेत्रमा महिलाहरुमाथि हुने घरेलु हिंसाका प्रकारहरु पत्ता लगाउनु ।

ख) महिलाहरुले भोगेका हिंसाका कारणहरु पत्ता लगाउनु ।

ग) महिलाहरुमाथि हुने घरेलु हिंसाका असरहरुको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्व

। कुनैपनि अध्ययन, अनुसन्धानको आफ्नै किसिमको महत्व रहेको हुन्छ । यस अध्ययनको पनि महत्वहरु निम्न प्रकारका छन् ।

क) यस अध्ययनबाट महिलाहरुको यथार्थ अवस्था थाहा पाउनुका साथै महिलाहरु घरेलु हिंसाबाट कसरी पिडित छन् भनेर हिंसाजन्य क्रियाकलापहरु थाहा पाउन सकिन्छ ।

ख) यस अध्ययनवाट विगतको समाजमा महिलाहरुको अवस्था के कस्तो थियो र वर्तमान समाजमा तिनीहरुको अवस्था के कस्तो रहेको छ भनेर थाहा पाउन सकिन्छ ।

ग) महिलाहरुमाथि हुने घरेलु हिंसाको बारेमा बुझ्न चाहने अरु जो कोही व्यक्ति, संघसंस्था तथा अनुसन्धानकर्ता आदिलाई सहयोग पुग्नेछ ।

घ) समाज तथा घरपरिवारका महिलाहरु प्रति गरिने दृष्टिकोणमा सकारात्मक प्रभाव पार्नेछ र महिलाहरुलाई आफ्नो हक, अधिकारको क्षेत्रमा आवाज उठाउन वा चित्त नबुझिएको कुरा सबै माझ राख्न सहज हुनेछ ।

## १.५ अध्ययनको संगठन

यस अध्ययनलाई सात अध्यायमा विभाजन गरिएको छ । यस अन्तर्गत प्रथम अध्यायमा परिचय  दिइएको छ यस अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्धेश्य, अध्ययनको महत्व, अध्ययनको संगठन जस्ता विषयहरु समावेश गरिएको छ ।

द्वितीय अध्यायमा पूर्व साहित्यको समीक्षा समेटिएको छ । यस अन्तर्गत महिलामाथि हुने घरेलु हिंसाका प्रकार,कारण र असर को बारेमा प्रकाशित साहित्यहरु (कृति) को समीक्षा गरिएको छ । यस अध्यायमा पुर्व साहित्यहरुको  सैद्धान्तिक समीक्षा र पूर्व अध्ययनको समिक्षा र नेपालमा महिलाको अवस्था, लैङ्गिक हिंसाका प्रकारको वारेमा समावेश गरिएको छ ।

अध्याय तीनमा अध्ययन पद्धति अर्न्तगत अध्ययन क्षेत्रको छनौट, अनुसन्धानको ढाँचा, तथ्यांकको प्रकृति तथा स्रोत, नमूना छनौट प्रक्रिया, तथ्यांक संकलन विधि, वैयक्तिक अध्ययन तथ्यांकको विश्लेषण, अध्ययनको सीमा आदि विषय समेटिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रको परिचय अन्तर्गत काठमाडौं जिल्लाको संक्षिप्त परिचयको साथै कीर्तिपुर नगरपालिका वडा नं १६ नगाँउ टोलको  छोटो परिचय, जनसंख्या, पेशागत स्थिति, शैक्षिक स्थिति,  वैवाहिक स्थिति,परिवारको किसिम, आदिको बारेमा जानकारी दिइएको छ ।

अध्याय पाँचमा महिलाहरुले भोगेका हिंसा र हिंसा सहनुका  कारण  बारेमा उल्लेख गरिएको छ र घरेलु हिंसावारे दृष्टिकोण,जानकारी,कारणहरु को अध्ययन गरिएको छ ।

अध्याय छ मा महिलाविरुद्ध हिंसाको असरको बारेमा उल्लेख गरिएको छ । यस अध्यायमा हिंसावाट पर्न गएको असर, असर सहनुका कारण,हिंसाको उजुरी र न्याय को विवरण र त्यहि परिवारका अन्य महिलाले हिंसा सहनुका कारण हरुका वारेमा अध्ययन गरिएको छ ।

अध्याय सात अन्तर्गत साराशं, निष्कर्ष समेटिएको छ । यस अध्यायमा कीर्तिपुर नगरपालिका वडा नं. १६ नगाँउ मा बसोवास गर्ने महिलामाथि हुने लैङ्गिक हिंसाका प्रकार ,कारण र असर को साराशं प्रस्तुत गरिएको छ । यस अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्ष पत्ता लगाई यसको कारण खोजी गर्ने प्रयास गरिएको छ ।

# अध्याय दुई

## सन्दर्भ साहित्यको अध्ययन

यस अनुसन्धान गर्नका लागि बाटो देखाउन कस-कसले कहिले कहाँ र कसरी यससँग सम्बन्धित अनुसन्धान सम्पन्न गरे भन्ने कुरा सम्बन्धित साहित्यको पुनरावलोकनबाट पत्ता लगाउन सकिन्छ । अध्ययनकर्तालाई अध्ययन राम्रोसँग अगाडि बढाउन र उचित कार्यको दिशा निर्देशन गर्नका लागि आफ्नो अध्ययनसँग मिल्ने साहित्यको अध्ययन गर्नु जरुरी छ । यस अध्ययनका लागि विभिन्न साहित्यको पुनरावलोकन गरिएको छ ।

### २.१ सैद्धान्तिक अवधारणा

समाज उद्विकासको उषाकालमा मातृसत्तामा आधारित थियो । दास समाजको विकास सँगै विस्तारै पितृसत्तात्मक परिवारमा परिणत हुदैं गयो भने महिलाको स्थान दोश्रो दर्जाको रुपमा रहन गयो ।समाजशास्त्रमा अगष्ट कोम्ट, हर्वट स्पेन्सर,इमाइल दुर्खिम  ले जैविक विभिन्नतालाई आधार मान्दै महिलालाई भन्दा पुरुष र पितृसत्तालाई महत्व दिएका छन् जुन महिलावादीहरुको आलोचनाको विषय बनेको छ । कार्ल मार्क्सले उनको प्रमुख कृति कम्युनिष्ट मेनिफेस्टो १९७० मा महिलालाई उत्पादनको प्रमुख साधनका रुपमा लिएका छन् । मार्क्स एंगेल्स को पुस्तक The origin of the family private property and the state १९८४ मा समाजमा व्यक्तिगत सम्पत्तिको अधिकार स्थापनाको प्रक्रियासँगै परिवारको उदय र परिवारसँगै परिवारमा श्रम विभाजनको प्रक्रियामा महिलाहरु घरभित्रका कार्यमा संलग्न रहने र पुरुषहरु शिकार खेल्ने, उत्पाद तथा श्रोत नियन्त्रण कायम गरी आफ्नो हैकम र प्रभुत्व कायम गरी महिलालाई शोषण गर्छ । उनीहरुले परिवारमा पुरुषले वुर्जुवा वर्ग र महिलाले शोषित वर्गको प्रतिनिधित्व गर्दछ भन्ने तर्क गरेका छन् । एन्गेल्स फेडरिक (२०५६)

उदार महिलावादी सिद्धान्तले महिलाहरु पुरुष सरह सबै प्रकारका कार्य गर्न स्वतन्त्र छैनन् । सामाजिक, साँस्कृतिक, मान्यताले समाजमा निर्दिष्ट अधिकारबाट पनि वञ्चित छन् । घरभित्रका आय नहुने तथा नियमित र दैनिक कम महत्वका कार्यमा सिमित हुने र पुरुष घरबाहिरका आयआर्जन गर्न सकिने कार्यमा संलग्न भएको हुँदा महिला आफ्नो हक अधिकारबाट समेत वञ्चित छन् भन्ने तर्क राख्दछ  Manandhar , 2011 )।

नेपाली महिलाहरुको समाजसास्त्रिय अध्ययनमा Bennt (1983) का अनुसार ग्रमीण ब्राम्हण जातिका महिलाहरुमा कसरी छोरी Sacred र विवाहित महिला Dangerous हुन्छ भन्ने कुरा उल्लेख छ । त्यस्तः Kathryn March (1983) का अनुसार तामाङ समाजमा महिला र पुरुषको काम मध्ये कसको कामलाई बढि महत्व दिन्छ भन्ने देखाएको छ  त्यसरी नै

एक अर्को अध्ययनमा Tradition and change in legal status of Nepalese women ( Acharya M.and L.Bennet 1981.)

### २.१.१ महिलाविरुद्ध हुने घरेलु हिंसावारे सैद्धान्तिक अवधारणा

सामाजिक लिङ्ग अथवा जेण्डर नितान्त सामाजिक सांस्कृतिक व्यवस्थावाट निर्धारण हुन्छ । समाजले नै महिला पुरुषलाई के गर्ने के नगर्ने भन्ने वारे पद तथा भूमिका को निर्धारण गरिएको हुन्छ ।यसले सामाजिक लिङ्गको निर्धारित तत्व कुनै जैविकिय विशेषता नभई सामाजिक तथा सांस्कृतिक व्यवस्था हो ।समाजमा लिङ्गका आधारमा सामाजिक व्यवस्थाले निर्धारण गरे अनुरुप महिला र पुरुषवाट समाजले अपेक्षित गरेको भूमिका नै सामाजिक लिङ्ग हो । लिङ्गकै आधारमा महिला र पुरुषबीचको भूमिका निर्धारण हुनाले पुरुषप्रधान समाजमा महिलाहरु पछि परेका छन् ।अझ विभिन्न सामाजिक सांस्कृतिक मूल्य मान्यताले परम्पराका आडमा पनि महिला र पुरुषकाबीच भूमिका निर्धारण गरिएका छन् ।वास्तवमा महिला र पुरुष दुवैको भूमिकालाई कम आंकलन नगरी दुवैको सम्मान गर्नाले र आवश्यकता अनुरुप एक पक्षले अर्को पक्षको कार्यवोझ लाई घटाउने प्रयत्न गर्न सके समाजमा लैङ्गिक विभेद अलि कम हुने थियो ।

Gender Stratification ले समाजमा महिला र पुरुषका बीचमा तहगत विभिन्नता ल्याउँछ । लैङ्गिक भिन्नता अनुसार नै श्रम विभाजन गरिएको हुन्छ । स्त्री र पुरुषको भूमिकालाई छुट्याउने सामाजिक संकेत पनि सामाजिक लिङ्ग हो । नेपाली समाजमा कतै आर्थिक अधिकार र महिलालाई सुम्पिएको छ भने धेरै समाजहरुमा पुरुषको हातमा आर्थिक अधिकार निहित छ ।

Gender Differentiation महिला र पुरुषमा गर्ने विभेदीकरणले नेपालमा लैङ्गिक अध्ययन गर्दा घरायसी सम्पतिमा पुरुषकै हात, स्वामित्व उच्च छ । महिलालाई अन्त्यमा पुरुषमा निर्भर हुन्छन् अर्याल ,२०६८) ।

-सामान्य अर्थमा अरुप्रति असमान एवं नराम्रो व्यवहार गर्नु वा एक जनालाई प्रोत्साहित गर्नु, अर्कोलाई निरुत्साहित बनाउनु भेदभाव हो । महिला वा पुरुषमध्ये कुनै एकलाई सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक पक्षमा संलग्न हुन प्रोत्साहन दिनु र अर्कोलाई नराम्रो व्यवहार गर्नु वा सिमित दायरामा राख्न खोज्नुलाई लैङ्गिक भेदभाव भनिन्छ । समाजमा महिलाले गर्नु पर्ने भूमिकालाई निम्न सम्मान गर्नु, महिलालाई राम्रा अवसरमा पुग्न बञ्चित तुल्याउने तर पुरुषलाई उच्च तहमा पुग्नका निम्ति प्रोत्साहित गर्नुलाई लैङ्गिक विभेद भनिन्छ । लैङ्गिक विभेदकै कारणले लैङ्गिक अध्ययनको विकास भएको हो । यही भेदभावका केन्द्र विन्दुमा लैङ्गिक अध्ययन घुमेको पाइन्छ । किनकी लैङ्गिक अध्ययनको मूल उद्देश्य लैङ्गिक भेदभावको अन्त्य गरी समानतामूलक समाजको निर्माण गर्नु हो । हाम्रो समाजद्यारा पनि महिलामाथि हिंसा गरिएको छ । जसले लैङ्गिक विभेदको सिर्जना गरेको हुन्छ ।सामाजिक रुपमा महिलामाथि विभेद गरिएको छ ।

जसमा पोथी बास्नुहुदैन, छोरा पाए खसी छोरी पाए फर्सी, जुन उदाए केटी कुदाए, विभिन्न सामाजिक भेदभावको भावनाले लैङ्गिक विभेदलाई प्रष्ट पार्छ ।महिला विरुद्ध सवै प्रकारको भेदभाव उन्मुलन महासन्धि १९७९ मा संयुक्तराष्ट्रसंघले पारित गऱ्यो ।उक्त महासन्धि लाई नेपालले १९९१ म अनुमोदन गऱ्यो ।राजनीतिक, आर्थिक, सामाजिक, नागरिक आदि विषयका आधारमा दुवै भेदभावको विरोध गरेको छ ।महिला र पुरुषको बीचमा discrimination हुन्छ । लैङ्गिक भूमिका छुट्टाछुट्टै हुन्छन नेपाली महिलाहरु पुरुषवाट अपहेलित दृष्टिकोणवाट बाचिरहेका छन् । जहाँ केही वर्ग , समूह वा संस्थाले बढी अधिकार पाएका हुन्छन् भने अन्यले त्यहि काममा अधिकार नै पाएका हुदैनन् । यनि विविध सन्र्दभमा महिलाहरु भएकै कारणले उनीहरु मथिका विविध अवसरहरु बञ्चित छन् ।त्यस्तै सामाजिक रुपमा तल्लो जाति भएर, महिला भएर, कम उमेर समूहको भएर ,गाउले भएर, भिन्न धर्म भएर, अशिक्षित भएर, पहाडी, मधेशी, विविध क्रियाकलापबाट समाजमा अवसर र अधिकारवाट बञ्चित गरिने परम्परा तथा प्रतिक्रियालाई लैङ्गिक विभेद भनिन्छ । हाम्रो समाजमा लैङ्गिक भेदभावका कारकतत्वहरु

महिला भएर जन्मनु,

धर्मले महिलालाई पुरुषको भन्दा तल्लो स्तरको मान्नु,

गलत सामाजिक नीतिनियमले महिलालाई मनोवैज्ञानिक रुपमा कमजोर बनाउनु ,आदि

### २.१.२ महिलावादी दृष्टिकोण

महिलावादी सिद्दान्तको विकासक्रमलाई हेर्दा सर्वप्रथम १८३० मा अमेरिकी महिलाहरु दासताका बिरुद्ध संगठित भएर आवाज उठाएको पाइन्छ । स्.न १९६० पछि महिलाको विविध पक्षमा देखिएका दमन, असमानता, शोषण, हिंसा, स्रोत माथिको असमान पहुच कार्य विभाजन आदिलाई आधारित गरेर अध्ययन, अनुसन्धान गर्न थालियो । त्यसपछि महिला आन्दोलन का विभिन्न चरणहरुमा महिलावादी सिद्दान्त प्रतिपादन भएका छन् ।

समाजवादी महिलावादले लिङ्गका आधारमा श्रम विभाजन र त्यसअनुरुपको सामाजिक-साँस्कृतिक मान्यताका कारण लैङ्गिक विभेदको श्रृजना भएको हो भनी तर्क अगाडी सारेका छन् ।आमूल महिलावादले सामाजिक-साँस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाको विश्वव्यापी अवमूल्यनलाई निर्मूल पार्न महिलाको सामाजिक मूल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिदै लैङ्गिक विभेदको महत्वपूर्ण कारक तत्व पितृसत्ता अन्तर्गतको सामाजिक सम्बन्ध र पितृसत्ता पुरुषले प्रभुत्व जमाएको संगठनहरुमा गर्ने महिलाका विरुद्ध गर्ने हिंसा हो जुन सधे स्पष्ट देखिने शारीरिक, निर्दयताका रुपमा मात्रै नभएर शोषण र नियन्त्रणमा अझ बढी अभ्यासहरु लुकेको हुन्छ । यस्ता अभ्यासहरु फेसन र सुन्दरता, मार्तत्व, आदर्श, एकल यौन सम्बन्ध, घर गृहस्थी कार्य, न्यू ज्यालादर आदिका नाममा देख पर्दछन् । महिलालाई विभेद र दमन गर्ने प्रारम्भिक थलो परिवार हो जहाँ प्राकृतिक लिङ्गका आधारमाश्रम विभाजन र यसैअनुरुप सामाजिकीकरण

तथा भूमिका हस्तान्तरण हुने गर्दछ भन्ने तर्क राख्दै महिलालाई स्वतन्त्र र हिंसामुक्त भएर बाच्ँन पुरुषको विकल्प खोज्नु पर्नेमा तर्क राखेका छन्  महिलावादी सिद्धान्तको विकासक्रमलाई हेर्दा सर्वप्रथम १८३० मा अमेरिकी महिलाहरु दासताका विरुद्ध संगठित भएर आवाज उठाएको पाइन्छ । सन् १९६० पछि महिलाको विविध पक्षमा देखिएका दमन, असमानता, शोषण, हिंसा, श्रोत माथिको असमान पहुँच कार्य विभाजन आदिलाई आधारित गरेर अध्ययन, अनुसन्धान गर्न थालियो, त्यसपछि महिला आन्दोलनका विभिन्न चरणहरुमा महिलावादी सिद्धान्त प्रतिपादन भएका छन् ।

आमूल महिलावादले सामाजिक सांस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाको विश्वव्यापी अवमूल्यनलाई निर्मूल पार्न, महिलाको सामाजिक मूल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिदै लैङ्गिक विभेदको महत्वपूर्ण कारक तत्व पितृसत्ता अन्तर्गतको सामाजिक सम्वन्ध र पितृसत्ता पुरुषले जमाएको संगठनहरुमा गर्ने महिलाका विरुद्द गर्ने हिंसा हो जुन सधै स्पष्ट देखिने शारीरिक, निर्दयताका रुपमा मात्रै नभएर शोषण र नियन्त्रणमा अझ वढी अभ्यासहरु लुकेको हुन्छ । यस्ता अभ्यासहरु फेसन र सुन्दरता, मातृत्व, आदर्श,एकल यौनसम्वन्ध,घरगृहस्थी कार्य, न्यू ज्यालादर आदिका नाममा देखा पर्छन् । महिलालाई विभेद र दमन गर्ने प्रारम्भिक थलो परिवार हो जहाँ प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन र यसैअनुरुप सामाजिकरण तथा भूमिका हस्तान्तरण हुने गर्दछ भन्ने तर्क राख्दै महिलालाई स्वतन्त्र र हिंसामुक्त भएर बाच्न पुरुषको विकल्प खोज्नुपर्नेमा तर्क राखेका छन् ।

मार्क्सवादी महिलावादले विशेषत आर्थिक सम्वन्ध राख्छ ।मार्क्सवादी महिलावादले वर्गीय आधारमा समाजको व्याख्या र विश्लेषण गर्न सकिएमा महिलामाथिको दमन, असमानता,जस्ता पक्षलाई हटाउन सकिन्छ भन्ने सोचाई राख्दछ ।यसप्रकारको महिलामाथिको दमन, अत्याचार तथा शोषण खासगरी पितृसत्ता र पूँजीवादी संरचनावाट भएको निष्कर्ष मार्क्सवादी महिलावादीहरुको रहेको छ ।

उदार महिलावादले महिलाहरुलाई स्वतन्त्रता उपलब्ध गराउन सकिएमा, समान अवसर प्रदान गर्न सकिएमा, महिलाप्रतिका गलत मान्यता र सामाजिकरणको प्रक्रियावाट समाजलाई मुक्ति दिलाउन सके मात्र महिला विकासको अवस्था सफल हुन सक्छ भन्ने व्याख्या र विश्लेषण गर्दछन्।तर यिनीहरुले शक्ति सम्वन्धका वारेमा चर्चा गरेका छैनन् ।यसैगरि उदार महिलावादीहरु महिलालाई प्रजनन अधिकारका सवालमा स्वतन्त्र अधिकार हुने तथ्यमा जोड दिन्छन् ।उदार महिलावादले पनि मसहला समानता स्वतन्त्रता, विकास र विभेदको अन्त्यलाई जोड दिन्छ र लिङ्गका आधारमा गरिने श्रम विभाजन ले समाजमा महिला र पुरुष बीच विभेदको स्थिति उत्पन्न गराएको पाइन्छ ।समग्रमा उदार महिलावादले ज्याला, अवसर तथा स्वतन्त्रताका सवालमा महिलाको स्वतन्त्रतालाई जोड दिदैं नीतिगत रुपमा कानूनी सुधार र गलत लैङ्गिक सामाजिकरणको सच्चाइमा जोड दिएको छ । उदार महिलावादले सार्वजनिक र नीजि क्षेत्रमा समान पहुच, समान कार्यभार तथा ज्याला लगायतका पक्षलाई जोड दिएको पाइन्छ ।

## २.२ नेपालमा महिलाहरुको अवस्था

नेपाल हिन्दु धर्ममा आधारित राज्यको रुपमा चिनिदैँ आइरहेको छ । हिन्दु धर्म दर्शन अनुसार समाज पुरुष प्रधान रहन्छ र पितृसत्तात्मक समाज हुन्छ । यस्तो समाजमा महिलाहरुको स्थिति पुरुषको तुलनामा कमजोर हुन्छ । नेपालमा गैर हिन्दुहरु पनि बस्दछन् र सबैको स्थिति एकैनासको छ भन्न मिल्दैन । नेपाली सामाजिक-साँस्कृतिक संरचनामा महिलाहरुको स्थितिलाई दोस्रो दर्जामा राजिएको छ तर विकास निर्माणको लागि महिला र पुरुष दुवै समान हुन अति आवश्यक छ । नेपाली समाजमा छोरीको जन्मलाई छोराको जन्म जस्तो महत्व दिइदैन । पितृउद्धारका लागि छोरा नै चाहिन्छ भन्नेमान्यताले निकै महत्व राखेको पाइन्छ । यसरी हेर्दा नेपाली समाजमा महिलाहरुको स्थिति पुरुषहरुको दाँजोमा कम रहेको पाइन्छ । नेपाली समाजमा कुनै पनि महिला जन्मेदेखि मृत्यु नहुदासम्म व्यक्तिगत रुपमा स्वतन्त्र नभएको अवस्था देखिन्छ । जस्तो जब बच्चा महिलाको रुपमा जन्मन्छ उसले शुरुमा आफ्नो बाबु तथा दाजुभाईको नियन्त्रणमा बस्नुपर्छ त्यसपछि जब उसको विवाह हुन्छ उ आफ्नो श्रीमानको सम्पत्तीको रुपमा रहनुपर्दछ र श्रीमानको मृत्यु पश्चात पनि उ आफ्नो छोरा नातिको नियन्त्रणमा बस्नु पेर्न बाध्यता छ । तसर्थ एउटा महिलालाई आफ्नो जीवनभर आफ्नो अधिकारको निर्णय गर्नबाट बञ्चित गराई पिजडाको घेरा जस्तै चारैतिरबाट नियन्त्रणमा राख्ने प्रवृत्ति देखिन्छ । (अधिकारी, २०६५)

खास गरी महिला र बालिबालिकालाई दिईने हिंसा तथा मानसिक यातनाको कुनै लेखाजोखा नै हुदैँन र छैन पनि । शारीरिक यातना अर्थात कुटपिटको सम्बन्धमा घाउ चोटको अवस्थालाई हेरेर केही सजाय दिइन्छ तर सजाय दिइन्छ भन्दैमा मानवअधिकार प्राप्त भयो भन्न मिल्दैन किनकी गल्ती गर्ने गर्ने व्यक्तिलाई सजाय दिनु मात्र समस्याको समाधान होइन । किनभने भविषयमा त्यही व्यक्तिसँग वा त्यही परिवारमा बसेर जीवन बिताउनु पर्ने हुन्छ । यही डरका कारण हिंसा पिडितहरु सबै कुराहरु बुझेर पनि चुपचाप बस्न बाध्य भईरहेका छन् । त्यसैले हिंसाको कुरा गर्ने बित्तिकै असमान सामाजिक संरचना विरुद्ध आवाज उठाउनु पर्ने हुन्छ । घरेलु हिंसा, यौन हिंसा, सामाजिक- साँस्कृतिक, राजनीतिक हिंसा आदि समाजभित्र हुने हिंसाका स्वरुपहरु हुन्  थपलिया, (२०७१)।

ओरेक नेपालले अभिमुखिकरण गरेका तथा विभिन्न दैनिक पत्रपत्रिकाबाट प्राप्त तथ्याङ्कका आधारमा कार्तिक महिनामा ९२ जना महिलामाथि हिंसा भएको पाइएको छ । जस मध्ये सबैभन्दा बढी घरेलु हिंसाका २६ वटा घटना रहेका छन् । ओरेक नेपालीद्वारा प्रकाशित महिला हिंसा विरुद्ध वर्ष पुस्तक अन्वेषी २०११, मा अभिलेखिकरण गरिएका घटनाहरु मध्ये सबैभन्दा बढी ६७ प्रतिशत महिलाहरु घरेलु हिंसा भएको पाईएको छ । त्यसमा पनिसबैभन्दा बढी ७४ प्रतिशत महिलाहरु आफ्नै श्रीमान्बाट हिंसाको शिकार भएको र २६ प्रतिशत

परिवारका अन्य सदस्यबाट हिंसा सहन बाध्य रहेको कुरा तथ्याङ्कले देखाएको छ (ओरेक नेपाल २०६८,) ।

“महिला विरुद्धको घरेलु हिंसा” भन्ने शोधपत्रमा महिलाहरुको सामाजिक तथा आर्थिक पृष्ठभूमि माथि प्रकाश पारेका छन् भने उनले यस शोधपत्रमाा दाङ जिल्लामा हुने गरेका महिला विरुद्ध हुने हिंसाको प्रकार र कारणहरुलाई उल्लेख गरेका छन् । यस सन्दर्भमा उक्त ठाउँका हिंसा प्रति पिडित महिलाहरुको अवधारणा एवं सचेतनालाई आचार्यले वर्णन गरेका छन् ।

महिला विरुद्ध हुने हिंसा उन्मुलन सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र १९९३, धारा १ का अनुसार “महिला विरुद्धको हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य, मानसिक क्षति वा पिडा पुऱ्याउँछ ।” जस अन्तर्गत कुटपित गर्नु, यौन दुर्व्यवहार, चेलिबेटी बेचबिखन तथा जबरजस्ती देहव्यापारमा लगाउनु, धम्की, दबाब र स्वेच्छाचारी रुपमा महिलाको स्वतन्त्र बन्देज गर्नु समेत पर्दछ । महिला विरुद्ध भेदभाव उन्मुलन समितिको सिफारिस नं. १९ ले “लिङ्गमा आधारित हिंसा लैङ्गिक भेदभावकै एउटा स्वरुप हो, जसले महिलाको अधिकार उपभोग गर्ने क्षमता तथा स्वतन्त्रतामा आघात पुऱ्याउँदछ  भनि परिभाषित गरेको छ (थापा, २०६५)।

सशक्तिकरणको कुरा गर्दा महिला कस्तो क्षमता लिएर हुर्किरहेका छन् , उनिहरुले कुन क्षेत्रमा के गर्न सक्छन् भनेर यही अनुसारको अवसर, वातावरण निर्माण गर्न सकिएमा सहिरुपमा सशक्तिकरण सम्भव हुन्छ । योजना कार्यक्रम बनाउँदा बदलिँदो परिस्थिति, धरातल तथा महिला मनोविज्ञान लाई पनि ख्याल गर्नु पर्दछ । महिला सशक्तिकरणका लागि महिला आफैलाई संगठित गर्नुपर्छ । संगठनमा आवद्ध भएपछि महिलामा आफै केहि मात्रामा भए पनि आफै सशक्तिकरणको आरम्भ हुन्छ, यसले महिलाका मात्र नभइ समाजमा रहेका अरु समस्या समाधान गर्न पनि सजिलो हुन्छ । संगठित भएपछि श्रीमान् लगायत अरु पुरुषबाट हुने अत्याचार, शोषणबाट बच्न पनि सजिलो हुन्छ । संगठित भएपछि नै लैगिक भेद्भाव बुझ्दै जान्छन्, आफ्नो अधिकार प्रति सचेत तथा जागरुक हुन्छन् । समाजमा रहेका समस्याको बारेमा छलफल गराएर सबैको सहभागितामा त्यसलाई समाधान गर्न सकिन्छ । यसबाट समाज बैज्ञानिक, लोकतान्त्रिक, अधिकारप्रति सचेत बन्दै जान्छ । महिला हरेक दृष्टिकोणले आत्मनिर्भर बन्दै जान्छ । समाजलाई लोकतान्त्रिक बनाउन महिला अधिकार प्रति सचेत र हरेक कोणबाट सशक्त हुनु अनिवार्य छ ।

पितृसत्तात्मक व्यवस्थाका कारण सदियौंदेखि विभेदको शिकार हुदैं आएका महिलामाथि हुने हिंसाको क्रममा प्रयोग हुने शब्द हो बोक्सी । बोक्सीको आरोप लाग्नेहरु प्राय गरी गरीब, एकल महिला, दलित, असहाय, वृद्धहरु रहने गर्दछन् । रुपले सुन्दर, पढे, लेखेका, धनी परिवारका कुनै महिला तथा पुरुषलाई बोक्सी भनिएको पाइदैन । आधुनिक विज्ञानको विकाससँगै नयाँ पुस्तामा आएका सचेतनाले गर्दा परम्परागत मान्यता र अन्धविश्वासका कारण सदियौंदेखि जरा

गाडेर रहेको बोक्सी प्रथा अझै पनि समाजमा कायमै रहेको छ भने दाइजोको कारण घर निकाला गर्नु, जीउँदै जलाउने प्रयत्न गर्नु, घरपरिवारबाट शारीरिक तथा मानसिक यातनाको शिकार बन्नु आदि हिंसाहरु महिलालाई दिइन्छ । सन् २०१० को शुरुको तीन महिनामा सप्तरी जिल्लामा तीन जना महिलाको हत्या भयो, त्यसमध्ये दुई जना महिला दाइजोकै कारण पतिद्वारा मारिएका छन् पोखरेल, (२०७०)।

महिलाले माइती र घर दुवै ठाउँबाट सम्पत्तिको भाग लिन नपाउने भएकोले गर्दा महिलाहरुको विवा पश्चात सामाजिक, आर्थिक, धार्मिक, निर्णायक भूमिकामा महिलाको स्थिति कमजोर भएको पाइन्छ । सामाजिक-साँस्कृतिक रुपमा महिलालाई आमाको रुपमा उच्च सम्मानित स्थान दिएको भएतापनि बुहारी, श्रीमतीको रुपमा अपमानित भएर बस्नु परेको छ । दिदी बुहारी तथा श्रीमतीलाई दासीको रुपमा पतिलाई नै परमेश्वर मनेर बस्नुपर्ने धार्मिक-साँस्कृतिक मान्यता रहेको छ । प्रसिद्ध समाजशास्त्री Lynn Bennett ले आफ्नो अनुसन्धनात्मक पुस्तक "Dangerous Wives and Sacred Sister: Social and symbolic role of high-cast women in Nepal" 1983 मा पनि यही प्रसङ्गलाई पुष्टि गरेका छन् ।

राज्य वा गैरराज्यबाट गरिने लैङ्गिग भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य-मान्यताका कारणबाट महिलाहरु बढी पीडित बन्ने गरेका छन् । तराई क्षेत्रमा परम्परा र लाजका कारण दाइजेबाट हुने हिंसा का घटनाहरु सार्वजनिक नै गर्दैनन् । घटना सार्वजनिक गर्दा महिलाले थप मानसिक तथा शारीरिक पीडा सहनु पर्ने, कतिपय महिलाहरुले ज्यान गुमाएको, घरनिकाला गरिएको, जीउँदै जलाउने प्रयत्न गरिएको पाइन्छ । कानुनको पालना प्रभावकारी ढङ्गबाट नगरिनु, महिलामाथि हुने गरेको हिंसा तथा यौनजन्य अपराधमा कमी नआउनु, बलात्कारपछि गरिने स्वास्थ्य परिक्षण बैज्ञानिक तथा व्यवस्थित नहुनुले प्रमाण नष्ट हुनु आदि कारणहरुले गर्दा पिडितलाई झन् आधात पुग्ने गरेको छ । सन् २०१० को शुरुको ३ महिनामा सप्तरी जिल्लामा ३ जना महिलाको हत्या भयो । यसमध्ये २ जना महिला त दाइजोकै कारण पतिद्वारा मारिएका थिए  पोखरेल (२०७०) ।

“महिलामाथि हुने घरेलु हिंसाका कारण र परिणामहरु” भन्ने शोधपत्रमा महिलाहरु माथि हुने कारण र परिणामहरुका बारेमा वर्णन गरेका छन् भने आचार्यले यस शोधपत्रमा घरेलु हिंसाका कारण र परिणामहरु सम्बन्धी ग्रामीण तथा शहरी भेगका महिलाहरुको अनुभवहरु तुलनात्मक रुपमा अध्ययन गरेका छन् । आचार्य (२०६८)

“महिलामाथि हुने घरेलु हिंसाका प्रकार, कारण र असरहरु” भन्ने शोधपत्रमा महिलामाथि हुने घरेलु हिंसाका प्रकारहरु, कारणहरु र असरहरुको विश्लेषण गरेका छन् । उनले यस शोधपत्रमा काठमाण्डौ जिल्ला कीर्तिपुर नगरपालिका वडा नं ३ नयावजार मा रहेका

महिलाहरु माथि हुने घरेलु हिंसा पीडित महिलाहरुको अवधारणा लाई बैयक्तिक अध्ययनमा महर्जनले वर्णन गरेकी छन् ।यस शोधपत्र मा उक्त क्षेत्रमा रहेका हिंसा पिडित महिलाहरुको अवधारणा लाई बैयक्तिक अध्ययन वाट महर्जनले वर्णन गरेकी छिन् (महर्जन ,२०७१) ।

समाजमा जस्तोसुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुने हिंसाका घटनामा कमी आउन सकेको छैन । महिलाको लागि शिक्षामा पहुँच र सम्पत्ति माथिको स्वामित्व स्थापित गरी कुरीति र कुसंस्कारको रुपमा रहेको विधुवा प्रथा, बाल तथा अनमेल विवाह प्रथाको अन्त्य गर्नुपर्दछ । यसका लागि महिला हिंसा विरुद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको व्यावहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिला हिंसा विरुद्धको कडा कानून निर्माण, दाइजो दिने वा लिनेलाई कडा कारवाही गरी कुनैपनि खालको भेदभाव विरुद्ध द्वन्द्व र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ,सिलवाल (२०७०) ।

समाजशास्त्रमा महिलावादी समाजशास्त्री तथा मानवशास्त्रीको मुख्य चासो भन्नाले सामाजिक व्यवस्थाका विभिन्न तहमा रहेर अध्ययन विश्लेषण गर्नु रहेको छ । के कस्ता समाज तचा संस्कृतिमा के कस्ता कारणले गर्दा विभेद तथा असमानता सिर्जना भएका हुन्छन् , समाजमा पुरुषको सर्वोच्चता, दमन वाट महिलाहरु ज्यादै पीडित भएको अवस्थामा महिलावादी मानवशास्त्रीहरुले महिलावादी अवधारणाको विकासलाई जोड दिएको पाइन्छ ।समाजशास्त्रीहरुले समाजशास्त्र अध्ययनमा महिलावादी विधिहरुको विकास गरेर परम्परादेखि नै पूर्वाग्रही अध्ययन विभेदले वास्तविकता चित्रण गर्न नसकेकोले पुरुष पूवाग्रहलाई हटाएर सन्तुलित सिद्यान्तको विकासलाई जोड दिएको छ । हाम्रो समाज ले लैङ्गिक आधारमा नै पुरुष र महिला ले गर्ने काम को वाडफाड गर्दिएको छ । हाम्रो समाज पुरुषप्रधान समाज भएकोले पुरुषलाई नै सर्वेसर्वा मानेको छ । जसले गर्दा महिला हत्याहिंसा को शिकार वन्न पुगेको छ । त्यसैले समाजमा महिलाको भूमिका र अस्तित्वको वारेमा खोजी गर्नु महिलावादी मानवशास्त्रीको चासोको विषय हो ।महिलाका मुद्याहरु महिलाकै नजरवाट व्याख्या र अध्ययन गर्नुपर्छ भन्ने कुरामा महिलावादी समाजशास्त्रीहरुले जोड दिएको पाइन्छ ।

महिलाहरुको स्वास्थ्य स्थिति अति नै कमजोर रहेको छ भन्ने कुरा ग्रामिण महिलाहरुको समस्याहरुबाट पाईन्छ । देशको कुल जनसंख्याको आधा हिस्सा ओगटेको महिलाहरुको स्वास्थ्यमा ध्यान दिनु नै राष्ट्रको विकासमा टेवा पुग्नु हो । महिला स्वास्थ्य सम्बन्धि लुंईटेलको धारणा यस्तो रहेको छ की नेपाली महिलाहरुको स्वास्थ्य स्थिति दयनिय अवस्थामा गुज्रिएको छ । तिनीहरुलाई बाल्यकाल देखिनै भेदभाब गरिन्छ । सामाजिक कुरिति, कुप्रथा र मोटो कामको बोझले गर्दा महिलाहरु जीवन र मृत्यु बीच लडाईको संघर्षको रुपमा रहेको छ । यसरी समस्त महिलाहरुले विभिन्न रोगहरुवाट लड्नुपरेको छ (लुईटेल, १९९२) ।

प्रधानमन्त्री कार्यालय लैङ्गिक हिंसा एकाईको तथ्याङ्क २०६६ अनुसार लैङ्गिक हिंसासम्बन्धी उजुरी ४६ वटा छन् भने महिला आयोग २०६८/६९ मा एक वर्षको अवधिमा घरेलु हिंसा तर्फ शारीरिक हिंसाका उजुरी १ सय ४८ वटा, मानसिक हिंसाका उजुरी १ सय १४ वटा, आर्थिक हिंसाका उजुरी २ र यौनजन्य हिंसाको १ मात्र उजुरी दर्ता भएका छन् । अर्को तर्फ नेपाल प्रहरीको २०६७/६८ तथ्याङ्क अनुसार घरेलु हिंसा १ हजार ३ सय ५५ वटा र महिलातर्फ १ हजार २६ वटा उजुरी परेका छन् । राष्ट्रिय महिला आयोगकी सदस्य मोना अन्सारीका अनुसार प्रधानमन्त्री कार्यालय, पिडित महिलाहरुको पँहुचमै नभएकोले उजुरी कम परेका हुन् । प्रधानमन्त्री कार्यालय लैङ्गिक हिंसा एकाईमा कार्यरत समुना अर्यालका अनुसार उजुरी आएपनि सम्बन्धित निकायमा सिफारिस गरिने र त्यहीबाट कार्यान्वयन हुने भएकोले त्यँहा कम उजुरी परेको हो । यसैगरी कतिपयलाई फोनबाटै परामर्श दिएर समस्या समाधान गरिने भएकाले पनि दर्ता सङ्ख्या थोरै देखिएको उनको तर्क छ . (www.meroreport.net)

छोरी बढे बिग्रन्छन् भन्ने सामाजिक परम्परागत मान्यताका कारण रामेछापको कसाई गाउँमा १४ वर्ष उमेर नपुग्दै छोरीको बिहे गरिन्छ । उचित शिक्षा र प्रचार प्रसारको अभावमा स्वास्थ्य मन्त्रालयको बिहेवारी २० वर्ष पारी भन्ने नारा त्यस गाउँका लागि अर्थहिन भएको छ । मागेर विवाह गर्ने परम्परा रहेको त्यस गाउँका भन्डै ९० प्रतिशत केटीहरुको विवाह १३-१४ वर्षको उमेरमा हुने गरेको छ । छोरीको रजस्वला नै नभई विवाह गरिदिदाँ धर्म हुने अन्धविश्वासका कारण सबैले छोरीको विवाह रजस्वला नै नभई गर्ने गरेको तथ्य उनिहरुबाट पुष्टि भएको छ (कान्तिपुर, २०७० फागुन १४ गते) ।

यसरी समग्र रुपमा हेर्दा महिलाहरुलाई केवल खेतीपाती तथा घरायसी कार्यमा नै सिमित गरिएको देखिन्छ त्यसैगरि जति श्रम गरे तापनि घरायसी र सामुदायिक निर्णय प्रति उनीहरुको प्रतिनिधित्व निकै कम हुनुका साथै सम्पत्तिमाथिको अधिकार त झन नगण्य मात्रामा नै रहेको देखिन्छ जसबाट महिलाहरुको सामाजिक तथा आर्थिक क्षेत्रमा कम पहुँच भई महिलामाथि हिंसा हुने गरेको पाइन्छ । यस अध्ययनले कीर्तिपुर नगरपालिका वडा नं १६ का महिलामाथि हुने घरेलु हिंसाको विषयमा ठोस निचोड निकाल्ने हुनाले उक्त महिलाहरुलाई आफ्नो अवस्था सम्बन्धी जानकारी दिने र अधिकार प्रति जनचेतना जगाउने प्रयास गरिएको छ ।

## २.३ महिला विरुद्ध घरेलु हिंसाको परिचय

घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ का अनुसार “घरेलु हिंसा” भन्नाले कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुर्‍याउने अन्य कुनै कार्यलाई समेत जनाउँदछ (ढुङ्गाना, २०६५) ।

हिंसा भन्नाले कुनैपनि व्यक्तिले अर्को व्यक्ति माथि गर्ने दबाब, अमानवीय व्यवहार तथा क्रियाकलाप, त्यो भौतिक होस् वा मनोवैज्ञानिक होस् जुन सुकैलाई पनि बुझाउँछ भने घरेलु हिंसा भन्नाले घरपरिवारभित्र होस वा बाहिर जुनसुकै बेला र बखतमा भौतिक तथा मनोवैज्ञानिक रुपमा गरिने हिंसाजन्य क्रियाकलापलाई जनाउँछ । विश्वमा सरदर तीन जना महिलामा एक जना महिला दैनिक रुपमा हिंसाको शिकार हुनुपर्छ चाहे त्यो Sexual होस् वा Physical दुवै कारणबाट पिडित भएको पाइन्छ । महिलाहरुलाई सानोतिनो कारणबाट पनि पुरुषहरुले दैनिक रुपमा कुटपिट गर्ने, विभिन्न किसिमका दवावहरु दिने, हिंसा सहन बाध्य बनाउने जस्ता कार्यहरु गरिरहेको पाइन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने महिलालाई कुटपिट गर्नु सामान्य विषयको रुपमा देखापरेको छ । त्यस्तै गरि अशिक्षित समाजमा गर्भावस्थामा बढि काम लगाउने, श्रीमान वा परिवारका अन्य सदस्यले दमन गर्ने जस्ता कार्य गरेको पाइन्छ (WHO, 2004) ।

विश्व स्वास्थ्य संगठन (१९९७) का अनुसार “घरेलु हिंसाअन्तर्गत शारीरिक, मानसिक तथा यौनजन्य हिंसाहरु पर्दछन् ।” आफ्नै पतिबाट इच्छा विपरीत यौनजन्य क्रियाकलापमा सहभागी गराइनु, डर, धम्की देखाउनु, आफ्नो वशमा राख्न खोज्नु, विभिन्न बन्देज लगाउनु, कुटपिट गर्ने जस्ता क्रियाकलापहरु पर्दछन् । महिलाहरुको स्थान वा शक्ति न्यून हुनुका कारणले समाजमा महिला हेपिन, दलिन बाध्य हुनुपर्ने अवस्था छ (nepal.domviolence.com) ।

“कुनै व्यक्ति वा समुहलाई लक्षित गरी उनीहरुलाई पुऱ्याउने शारीरिक तथा मानसिक आधात वा चोट नै हिंसा हो ।” हिंसाजन्य क्रियाकलापहरुभित्र कुटपिट, धम्की, अपहरण, सम्पत्तिको क्षति गर्ने, स्वतन्त्रताको हननजस्ता प्रत्यक्ष गतिविधिहरु पर्दछन् । यसका अतिरिक्त कुनै व्यक्ति वा समुदायको मान प्रतिष्ठा र पहिचानमा आधात पुग्ने क्रियाकलापहरु जस्तै भेदभाव तथा थिचोमिचोलाई पनि हिंसा भनिन्छ Bhandari, 2013) ।

“महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्वदेखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण, शारीरिक, मानसिक तथा यौनिक यातनाहरु र दुर्व्यवहारलाई बुझाउँछ ।” रुढीवादी परम्परा, पितृसत्तात्मक सोच, सामाजिक मूल्य मान्यताका कारण महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा हेर्नु, समान अवसरबाट वञ्चित गराइनु, शरीरमाथि अरुले नियन्त्रण गर्ने प्रवृत्तिको कारण पनि महिलामाथि हिंसा भएको पाइन्छ । महिला हिंसाको स्वरुपहरुमा महिलामाथि गरिने कुटपिट, एसिड खन्याउने, बोक्सीको आरोपमा दुर्व्यवहार गर्ने, बहुविवाह, बालविवाह, अनमेल विवाह प्रेमको नाममा धोका, मानव बेचविखन, वैदेशिक रोजगारीको नाममा ठगी, यौन शोषण, अत्याधिक काम आदि देखिन्छ । उपाध्याय,(२०७०)

### २.३.१ घरेलु हिंसाको प्रकारहरु

हाम्रो देशमा पनि महिलामाथि हुने हिंसा बढी रहेको पाइन्छ । एउटा मानवले अर्को मानवप्रति गरिकने शारीरिक, मानसिक, यौनिक, आर्थिक, श्रम शोषण, अमानवीय व्यवहार नै हिंसा हुन् । डर, धम्की, त्रास, गालीगलौज आदि हिंसाका स्वरुप हुन् ।

#### १) शारीरिक हिंसा

शारीरिक हिंसाअन्तर्गत प्रचलित कानुन बमोजिम अङ्गभङ्ग ठहर्ने बाहेक कुटपिट गर्नु, घाउ, चोटपटक लगाउनु, एसिड राखेर कुरुप बनाउनु, श्रम शोषण गर्नु, बिरामी पर्दा औषधी उपचार नगर्नु, गैरकानुनी थुनामा राख्नु, शारीरिक चोट पुऱ्याउनु वा त्यस्तै अन्य कुनै काम गर्नु वा गराउनु जस्ता हिंसा पर्दछन् ।

#### २) मानसिक हिंसा

मानसिक हिंसा भनेको शारीरिक यातनाको डर धाक देखाउनु वा ाधम्की दिनु, त्रासपूर्ण तथा असमान व्यवहार गर्नु, गालीगलौज गर्नु, झुटा कुरा लगाउनु, घरबाट निकाला गर्नु वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्नु वा गराउनु कार्य हो र यसभित्र वैचारिक, धार्मिक वा सांस्कृतिक तथा प्रथा परम्पराका आधारमा गर्रिने भेदभाव समेत पर्दछ ।

#### ३) यौनजन्य हिंसा

यौनजन्य हिंसाभित्र यौनजन्य प्रकृतिको दुर्व्यवहार अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउनु वा सुरक्षित यौत स्वास्थ्यमा आघात पुग्ने गरी कुनै पनि कार्य गर्नु, अश्लील चित्र, भिडियो देखाउनु बलात्कार गर्नु आदि पर्दछन्

#### ४) आर्थिक हिंसा

आर्थिक हिंसाअन्तर्गत निजी सम्पत्तिको प्रयोग गर्न समान कामको लागि असमान ज्यालाको व्यवहार गर्नु, रोजगारी आर्थिक स्रोत र साधनको पहुँचमा वञ्चित गर्ने कार्य आदि पर्दछन् ।

#### ५) परिवारबाट महिलामाथि हुने हिंसा

यसमा हत्या, कुटपिट तथा झगडा, पौष्टिक आहारमा कमी, प्रजनन अधिकारमा नियन्त्रण, यौन दुर्व्यवहार, बलात्कार, जबरजस्ती, विवाह, धम्की विवाह तथा असमान विवाह, इच्छा विपरितका काम गर्न बाध्य भई मानसिक अशान्ति तथा डर त्रासमा बाँच्न बाध्य जस्ता हिंसा पर्दछन् ।

### २.३.२ घरेलु हिंसाका कारणहरु

१.लैङ्गिक भेदभावका कारण महिला हिंसामा परेका छन् ।

२.अधिकाशं हिंसाहरु यौन दुर्व्यवहार वा आकाक्षाका कारण हुने गरेका छन् ।जसको मूल कारण महिलाहरु यौनजन्य वस्तु हुन भन्ने मान्यताका मानसिकताको परिणाम हो ।

३.महिला माथि गरिने परम्परादेखि चलिआएका बोक्सीप्रथा, बहुविवाह, देह व्यापारमा लगाइनु, जवजस्ती करणी गर्नु,कुटपिट गर्नु,आहारविहारमा भेदभाव गर्नु, मानसिक डर त्रास देखाउनु आदि हिंसाका कारण हुन।

४. श्रीमतीले छोरा नपाएर, दाइजो कम ल्याएर,वालविवाह गर्ने आदि ।

# अध्याय - तीन

# अनुसन्धान पद्धति

कुनैपनि घटना वा विषयसँग सम्बन्धित तथ्याङ्कहरुको बारेमा क्रमबद्ध एंव व्यवस्थित तरिकाबाट अपनाइने अनुसन्धानको प्रकृया नै अनुसन्धान पद्धति हो । यस अध्यायमा अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य, अनुसन्धानको ढाँचा, अध्ययनको समग्रता र नमुना छनौट, तथ्याङ्क सङ्कलनको स्रोत, तथ्याङ्क सङ्कलनका विधिहरु, तथ्याङ्कको व्याख्या र विश्लेषण, अध्ययनको सीमा आदि निम्नानुसार चर्चा गरिएको छ ।

## ३.१ अनुसन्धान क्षेत्रको छनौट

कुनैपनि कार्यको थालनी गर्नुभन्दा पहिले उक्त कार्य कँहा गर्ने भनेर ठाउँको छनोट गर्नुपर्ने हुन्छ । यस शोधको अध्ययन क्षेत्र वाग्मती अञ्चलभित्र पर्ने काठमाण्डौ जिल्लाको कीर्तिपुर नगरपालिका वडा. नं. १६ नगाँउ टोललाई लिइएको छ । महिला हिंसा समाजमा व्याप्त हुने भएकोले यससम्बन्धि जानकारी लिनको लागि उपरोक्त क्षेत्र छनौट गरिएको हो महिलाहरुमाथि हुने घरेलु हिंसाको वास्तविक कारण पत्ता लगाउनुको साथै यसप्रति सम्बन्धित क्षेत्रको हालसम्म गहन अध्ययन पनि नभएकोले त्यस सम्बन्धि जानकारी लिनका लागि पनि यस क्षेत्रको छनौट गरिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

यस अध्ययनमा वर्णनात्मक अनुसन्धानको ढाँचा प्रयोग गरिएको छ । अनुसन्धानको क्षेत्रमा वर्णनात्मक अनुसन्धान भनेको अध्ययन विषयको बारेमा विस्तृत ज्ञान प्राप्त गर्नु हो । यही ढाँचामा आधारित रहेर महिलाहरुमाथि हुने हिंसाका प्रकार, कारण र असरहरु आदिलाई सामान्य रुपमा वर्णन गरि प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

सबै किसिमका शोध प्रस्ताव पूरा गर्नको लागि तथ्याङ्कहरुको आवश्यकता अपरिहार्य हुन्छ । अध्ययनका क्रममा प्राथमिक र द्वितीय दुबै खाले श्रोतहरुबाट तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएको छ । प्रारम्भमा कीर्तिपुर नगरपालिका वडा नं १६ अन्तर्गत पर्ने नगाँउ टोल मा बसोबास गर्ने विभिन्न जातिहरुको जनसंख्याको आँकडा समेत संकलन गरिएको छ ।

### ३.४अध्ययनको नमुना छनौट

यस अध्ययन कीर्तिपुर नगरपालिकाको वडा नं. १६ नगाउँमा मात्र सिमित रहेको छ । अध्ययन क्षेत्रमा कुल ७४७ घर परिवारहरुमा जम्मा जनसंख्या ३,२०२ जना बसोबास रहेका छन् । त्यसमा पुरुषहरुको सङ्ख्या १,५७५ रहेका छन् भने महिलाहरुको सङ्ख्या १,६२७ रहेका छन् । यसमध्ये अध्ययनको सरलताको लागि कुल ७४७ घरपरिवार मध्येबाट ३८ घरपरिवारलाई छनौट गरी प्रत्येक घरपरिवारबाट एक एक जना महिलालाई उत्तरदाताको रुपमा छनौट गरिएको छ । अध्ययनका क्रममा सम्भाव्य नमूना छनोट विधि अन्तर्गत गोला प्रथा विधिको प्रयोग गरिएको छ ।उक्त अध्ययन मा कुल घरपरिवार मध्ये उद्देश्यमूलक विधि अनुसार ३८ घरपरिवार लाई मात्र छनोट गरिएको छ जसमा टाठावाठा, वोल्नसक्ने साक्षर, महिलालाई छनोट गरिएको छ ।उक्त घरपरिवारका महिलाहरु साक्षर भएकोले मैले सोधेका प्रश्नको जवाफ दिई मेरो अध्ययनलाई सरलता प्रदान गर्न सक्ने भएकोले मैले उक्त घरपरिवारलाई छनोट गरेकी हु ।

**जातजातिको आधारमा घरपरिवारको विवरण**

| जातजाति | जम्मा घर संख्या | छनौट संख्या |
|---|---|---|
| नेवार | ६४८ | २९ |
| दार्जी | १३ | - |
| क्षेत्री | ३ | १ |
| ब्राह्मण | ७२ | ५ |
| तामाङ्ग | ४ | २ |
| गुरुङ्ग | ७ | १ |
| विश्वाकोटी | १ | - |
| जम्मा | ७४७ | ३८ |

स्रोत : कीर्तिपुर नगरपालिका, २०७२

### ३.४ तथ्याङ्क सङ्कलनका विधिहरु

यस अध्ययनमा अध्ययनको क्रममा प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्कहरु संकलन गरिएको छ । अनुसन्धानकर्ता स्वंय आफै अध्ययन क्षेत्रमा गई उत्तरदातासँग प्रत्यक्ष भेटेर अन्तरवार्ता, अवलोकन, वैयक्तिक अध्ययन गरी सूचना तथ्याङ्क सङ्कलन गर्नेलाई प्राथमिक तथ्याङ्क भनिन्छ । त्यस्तैगरी गा.वि.स., नगरपालिका, सरकारी तथा गैरसरकारी संस्थाहरु, विभिन्न पत्रपत्रिका, जनगणना, किताब तथा आमसञ्चारबाट प्रकाशित तथा अप्रकाशित लेख, लैङ्कि हिंसा सम्बन्धी लेख रचनाहरुलाई द्वितीयक तथ्याङ्क भनिन्छ । यस अध्ययनमा प्राथमिक तथा द्वितीयक दुवै तथ्याङ्कहरुको प्रयोग गरी अनुसन्धान गरिएको छ । यसमा विविध पद्धति अपनाएर तथ्याङ्क संकलन गरिएको छ । गुणात्मक र संख्यात्मक तथ्याङ्कहरुको क्रमबद्ध एवम् व्यवस्थित

रुपले संकलन गरिएको अनुसन्धान मात्र ब्यवस्थित र उपलब्धिमूलक हुनसक्ने हुनाले सो प्राप्तिको लागि निम्न लिखित प्रकारका विधिहरु प्रयोग गरिएको छ ।

### ३.४.१ प्रश्नावली

विविध प्रकारका प्रश्नहरुको सूची नै प्रश्नावली हो । यसमा सरल भाषामा स्पष्टसँग बुझिने गरी प्रश्नावलीको प्रयोग गरिएको छ । जसले गर्दा सहि तथ्याङ्क प्राप्त गर्न सम्भव भयो । यस शोधपत्रको लागि तथ्याङ्क संकलन गर्ने क्रममा ३८ घरपरिवारलाई प्रश्न सोधी लैङ्गिक हिंसाको प्रकार,कारण,असर आदिको बारेमा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.२ घरधुरी सर्वेक्षण विधि

घरधुरी सर्वेक्षण विधि अन्तर्गत प्रश्नावली विधिबाट तोकिएको प्रश्नको मात्र उत्तर आउने र उत्तरदाताले एकलौटी रुपमा प्रश्नको उत्तर लेख्ने भएकोले गर्दा सत्यतथ्य प्रमाण प्राप्त गर्नको लागि घरधुरी सर्वेक्षण विधिको प्रयोग गरिएको छ । घरधुरी सर्वेक्षणमा महिलाहरु जो जो घरमा हुन्छन् उनीहरुबाट आवश्यक सूचना सङ्कलन गरिएको छ । घरधुरी सर्वेक्षणबाट महिलाहरु माथि हुने घरेलु हिंसाका प्रकार, कारण र असरहरु आदिको बारेमा सूचना सङ्कलन गरिएको छ ।

### ३.४.३ अवलोकन विधि

यस अध्ययनमा अनुसन्धानकर्ता आफै कीर्तिपुरमा गई त्यँहाका महिलाहरुको पारिवारिक, सामाजिक, साँस्कृतिक, आर्थिक अवस्था तथा महिलाहरु बीचको आपसी सम्बन्ध, उनीहरुको दिनचर्या, उनीहरुप्रति परिवारका सदस्य तथा छिमेकीहरुले गर्ने व्यवहार आदिको अवलोकन राखिने छ । सहभागीमूलक अवलोकनद्वारा नमूना छनौट गरिएका महिलाहरुसँग कुराकानी तथा प्रत्यक्ष भेटघाट गरी अवलोकन गरिएको छ ।

### ३.४.४ अन्तरवार्ता विधि

यस अध्ययनका क्रममा आवश्यक तथ्याङ्कहरु प्राप्त गर्नका लागि व्यक्तिगत रुपमा अन्तरवार्ता लिइएको छ ।अन्तरवार्तामा खुल्ला तथा बन्द प्रश्नहरु सोधिएको छ भने खुल्ला प्रश्नमा उत्तरदाताहरुलाई सम्बन्धित विषयमा आफ्ना विचार राख्न दिइएको छ । यस अन्तरवार्तामा महिलाहरु माथि हुने घरेलु हिंसाका प्रकार, कारण, असरहरु र यसप्रति महिलाहरुको अवधारणा सम्बन्धि प्रश्नहरु सोधि तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.५वैयक्तिक अध्ययन

अनुसन्धानको विधिहरुमध्ये वैयक्तिक अध्ययन विधि पनि एक महत्वपूर्ण विधि हो । वैयक्तिक अध्ययनबाट कुनै पनि व्यक्तिको वास्तविक जीवनशैलीलाई बुझ्न सकिन्छ । उसको जीवनको विगतदेखि वर्तमान अवस्थासम्म जानकारीहरु प्राप्त गर्न सकिन्छ । यस अध्ययनमा कीर्तिपुर नगरपालिका वडा नं. १६नगाउँ मा बसोबास गर्ने उत्तरदाता महिलाहरु मध्ये दुई जना महिलाहरुको वैयक्तिक अध्ययन गरिएको छ । महिलाहरुमाथि भएको घरेलु हिंसालाई बुझ्नका लागि उनीहरुको समग्र पक्षको अध्ययन गरिएको छ ।

### ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अनुसन्धानबाट प्राप्त विभिन्न प्राथमिक तथा द्वितीयक तथ्याङ्क र सूचनाहरुलाई यसको प्रकृतिको आधारमा वर्गीकरण, तालिकीकरण गरी विश्लेषण गरिएको छ । यसमा गुणात्मक प्रकृतिका तथ्याङ्कहरु भए त्यसलाई आवश्यकता अनुसार व्याख्या, विश्लेषण गरिएको छ भने सङ्ख्यात्मक प्रकृतिका तथ्याङ्कहरु भए त्यसलाई क्रमबद्ध रुपमा तालिकामा प्रस्तुत गरी प्रतिशतमा वर्णन गरिएको छ ।

### ३.७ अध्ययनको सीमा

कुनैपनि अध्ययन गर्दा त्यसको निश्चित सिमा तोकिएको हुनुपर्दछ । यसबाट अनुसन्धानकर्तालाई सही निर्णय लिन सजिलो हुन्छ । यस अध्ययनमा सिमित स्रोत, साधनको अभावका कारणले गर्दा निश्चित उद्देश्य प्राप्त गर्नका लागि निम्न क्षेत्रहरुमा मात्र सिमा निर्धारण गरिएको छु । क) प्रस्तुत अध्ययन कीर्तिपुर नगरपालिका वडा नं. १६ नगाँउ मा बस्ने महिलाहरु माथि हुने घरेलु हिंसामा आधारित रहेको छ ।

ख) यस अध्ययनले निश्चित क्षेत्रका महिलामाथि हुने घरेलु हिंसालाई मात्र समेट्ने भएकोले सम्पूर्ण नेपाली महिलामाथि हुने घरेलु हिंसाको प्रतिनिधित्व गर्न सकिदैन ।

ग) यस अध्ययन समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपुर्तिका लागि गरिएको भएतापनि अरु नेवारी महिलाहरुको सम्बन्धमा अध्ययन गर्न उपयोगी हुदैन ।

# अध्याय - चार

## अध्ययन क्षेत्र को परिचय र उत्तरदाताको पृष्ठभूमि

### ४.१ कीर्तिपुर नगाँउ को संक्षिप्त परिचय

प्रस्तुत अध्ययन काठमाण्डौ जिल्ला, कीर्तिपुर नगरपालिका वडा नं १६ नगाँउ मा आधारित छ नगाँउ कीर्तिपुर नगरपालिका वडा नं १६मा रहेका विभिन्न टोलहरु मध्येको एउटा टोल हो । कीर्तिपुर नगरपालिका अन्तर्गत पर्ने नगाँउ टोल आफैमा प्रख्यात छ किनकी त्यहा वरपरका मन्दिरहरु ,ऐतिहासिक दरवार, बाघभैरव मन्दिर, उमामहेश्वर मन्दिरलगायत गल्ली गल्ली, चोक चोकमा मन्दिर, चैत्य र पौवाहरू रहेका छन् । महाकवि स्व. लक्ष्मीप्रसाद देवकोटाले कीर्तिपुरमा वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालय स्थापना गरेपछि यहाँ शैक्षिक मात्र नभई सामाजिक, राजनैतिक र सांस्कृतिक क्षेत्रमा रूपमा ७५ जिल्लाका मानिस र भाषाभाषीको संगम स्थल बन्न सफल भएको छ । यहाँ हिन्दू, बौद्ध, इस्लाम, क्रिस्चियन, सिखलगायत सम्पूर्ण धर्म मान्ने सम्प्रदायहरू भेटिन्छन् ।

कीर्तिपुर नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार यस टोलमा जम्मा ७४७ घरपरिवार रहेका छन् । उक्त घर परिवारको जम्मा जनसंख्या ३,२०२ जना बसोबास रहेका छन् । त्यसमा पुरुषको सङ्ख्या १,५७५ जना रहेका छन् भने महिलाहरुको संख्या १,६२७ रहेका छन् ।

(स्रोत कीर्तिपुर नगरपालिका वार्षिक अंक)

नगाँउका उक्त ७४७ घरपरिवार को जातजातिगत विववरण तालिका ४.१ मा दिइएको छ ।

तालिका नं ४.१

**जातजातिको आधारमा घरपरिवारको विवरण**

| जातजाति | जम्मा घर संख्या | प्रतिशत |
|---|---|---|
| नेवार | ६४८ | ८६.७४ |
| दार्जी | १३ | १.७४ |
| ब्राह्मण | ७२ | ९.६३ |
| तामाङ्ग | ४ | ०.५३ |
| गुरुङ्ग | ७ | ०.९३ |
| विश्वाकोटी | १ | ०.१३ |
| क्षत्री | ३ | ०.४० |
| जम्मा | ७४७ | १००.०० |

स्रोत : कीर्तिपुर नगरपालिका, २०७२

माथिको तालिका अनुसार घरपरिवारको विवरणमा जम्मा घर संख्या ७४७ मध्ये सवैभन्दा धेरै घरसंख्या नेवार जाति (६४८) तथा ८६.७४ प्रतिशत देखिएको छ ।त्यसैगरि दोस्रो ब्राह्मण ७२ जना अर्थात ९.६३ प्रतिशत रहेको र त्यसैगरि दर्जी १३ जना अर्थात १.७४ जना रहेका र त्यसैगरि गुरुङ्ग ७ जना अर्थात ०.९३ प्रतिशत र तामाङ्ग ४ जना अर्थात ०.५३ प्रतिशत रहेका पाइयो त्यसैगरि क्षत्री ३ जना अर्थात ०.४० प्रतिशत रहेको र विश्वाकोटी १ जना अर्थात ०.४० प्रतिशत रहेका पाइयो ,समग्रमा भन्दा कीर्तपुर नगाँउ क्षेत्र बढी नेवार बस्ती रहेकाले ८६.७४ प्रतिशत रहेका पाइयो ।

४.२ उत्तरदाताको पृष्ठभूमि :महिला विरुद्ध हुने घरेलु हिंसाका वारेमा जानकारी पाएका जातजाति ,धर्म, परिवारको किसिम,पेशा,शैक्षिक स्थिति,वैवाहिक स्थिति,घरायसी हिंसासम्वन्धि दृष्टिकोण,कारणहरु, असरहरु, वारेमा उनीहरुको पृष्ठभूमि व्याख्या गरिएको छ ।

४.२.१ जातजाति

खास जातजाति भन्नाले विभिन्न स्थानमा बसोबास गर्दै आएका समूह हो यसको सदस्यता जन्मले निर्धारण गर्छ । जातिय व्यवस्थाभित्र विभिन्न किसिमका नियम, मूल्य मान्यता संस्कारहरु निर्धारण गरिएको हुन्छ ।

तालिका नं ४.२

**जातजाति अनुसार उत्तरदाताको विवरण**

| जातजाति | जम्मा छनौट संख्या | प्रतिशत |
|---|---|---|
| नेवार | २९ | ७६.३१ |
| ब्राह्मण | ५ | १३.१५ |
| तामाङ्ग | २ | ५.२६ |
| गुरुङ्ग | १ | २.६३ |
| क्षत्री | १ | २.६३ |
| जम्मा | ३८ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार उत्तरदाता हरु मध्ये बाट छनौट गर्दा नेवार २९ जना अर्थात ७६.३१ प्रतिशत र ब्राहमण ५ जना अर्थात १३.१५, तामाङ २ जना अर्थात ५.२६ प्रतिशत रहेको पाइयो भने गुरुङ्ग १ जना अर्थात २.६३ र क्षत्री १ जना गरि २.६३ प्रतिशत रहेको पाइयो ।समग्रमा महिला छनौट गर्दा पनि नेवार जाति नै बढी ७६.३१ प्रतिशत रहेको पाइयो ।

### ४.२.२ धर्म

धर्म ले मानव जीवनमा उल्लेखनीय भूमिका खेल्दछ । धर्म ले मूल्यमान्यतालाई फरक पार्छ । हामीले अध्ययन गरेको विषय समाजशास्त्रका अनुसार धर्म एउटा सर्वव्यापी संस्था हो । धर्मलाई मानिसहरुले हेर्ने दृष्टिकोण फरक फरक रहेका छन् ।नेपाल धर्म निरपेक्ष राष्ट्र हो । त्यसैले यहाँ विभिन्न धर्म मान्ने मानिसहरुको बाहुल्यता रहेको पाइन्छ ।हिन्दुहरुले धर्मलाई फरक तरिकाले हेर्छन् भने क्रिश्चियनले धर्मलाई फरक तरिकाले हेर्छन् भन्ने कुरा पर्दछन् । वास्तवमा धर्म एउटा श्रदा तथा विश्वास हो जसमा पवित्रता र अपवित्रताका कुराहरु समावेश भएका हुन्छन् ।धर्मलाई अलौकिक शक्तिशाली रुपमा हेरिएको छ यसले समाजका विभिन्न पक्षमा प्रभाव पार्दछ ।जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४.३ धर्मअनुसार उत्तरदाताको विवरण**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | २५ | ६५.७८ |
| बौद्ध | ८ | २१.०५ |
| क्रिश्चियन | ५ | १३.१५ |
| जम्मा | ३८ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार धर्मको कुरा गर्दा उत्तरदाता महिलामा हिन्दु धर्म मान्ने २५ जना अ र्थात ६५.७८ प्रतिशत रहेको पाइयो भने बौद्ध धर्म मान्ने ८ जना अर्थात २१.०५ प्रतिशत रहेको पाइया, क्रिश्चियन धर्म मान्ने ५ जना अर्थात १३.१५ प्रतिशत रहेको पाइयो ।अत बढी हिन्दु धर्म मान्ने गरेको पाइयो ।क्रिश्चियन धर्म मान्ने गुरुङ्ग भएकोले यो जातिमा हिंसा अलि कम देखिएको छ ।

### ४.२.३ परिवारको किसिम

परिवारको किसिमले पनि महिला विरुद्धको हिंसामा फरक पार्दछ ।परिवार भन्नाले एउटै छानामुनि बस्ने एउटै भान्छामा खाना खाने, हजुरबुबा, हजुरआमा, छोराछोरी ,छोराबुहारी आदि लाई सम्झनुपर्छ। परिवारको कुरा गर्दा मुख्यत २ किसिमका हुन्छन् । ति हुन

एकल परिवार –आमा, बुवा खास गरि उनका अविवाहित छोराछोरी लाई सम्भनुपर्छ । यस प्रकारको परिवार आधुनिक मान्यता तर्फ उन्मुख भएको पाइन्छ र यहा बालबच्चाको पालनपोषण र स्याहारसुसार राम्रो भएको पाइन्छ ।

संयुक्त परिवार – यस प्रकारको पविारमा साधारणतथा परिवारको तीन पुस्तासम्म रहेका हुन्छन् । यस परिवारमा हजुरआमा , हजुरबुबा, आमा, काका, काकीहरु, अविवाहित दिदि, फुपु, नाति, नातिनि रहेका हुन्छन् । यस प्रकारको परिवारमा जेठोको नियन्त्रण र निर्देशन रहेको पाइन्छ ।

तलिका नं ४.४ परिवारको किसिम अनुसार उत्तरदाताको विवरण

| क.सं | परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | संयुक्त | २५ | ६५.७८ |
| २ | एकल | १३ | ३४.२१ |
| ३ | जम्मा | ३८ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरुको दुई प्रकारको परिवार पाइएको छ । ती हुन एकात्मक र संयुक्त उत्तरदाता महिलाहरुमध्ये २५ जना अर्थात ६५.७८ प्रतिशत महिला संयुक्त परिवारमा रहदै आएका छन् भने १३ जना अर्थात ३४.२१ प्रतिशत महिला एकल परिवारमा रहदै आएका छन् । अत संयुक्त परिवारमा सवै काम महिलाले नै वा बुहारीले गर्नुपर्छ भन्ने र महिलालाई अनेक यातना दिने हुनाले अध्ययनमा संयुक्त परिवारमा महिला हिंसा बढी हुने गरेको पाइयो ।

### ४.२.४ शैक्षिक स्थिति

शिक्षा मानिसको नैसर्गिक अधिकार भएको हुनाले मानिस का सोचाई, धारणा फरक हुनाले शिक्षा अपरिहार्य तत्व हो ।शिक्षा विना समाज अन्धो जस्तै हुन्छ । शिक्षावाट नै मानिस परिवर्तनशील हुन सिक्छ । शैक्षिक स्थितिको कुरा गर्दा पढेको लाई अलि महिला हिंसामा पिरोलिन नपर्ने र नपढेको छ भने राम्रो काम गरे पनि नराम्रो सावित हुने गरेको छ । महिलाको शैक्षिक स्थिति एक महत्वपूर्ण तत्व हो ।

तालिका ४.५ उत्तरदाता महिलाको शैक्षिक स्थिति

| शैक्षिक विवरण | महिला संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | १२ | ३१.५७ |
| साक्षर | ८ | २१.०५ |
| प्रा.वि तह (१–५) | ६ | १५.७८ |
| नि.मा.वि (६–८) | ६ | १५.७८ |
| मा.वि ९–१० | ३ | ७.८९ |
| उच्च मा.वि | २ | ५.२६. |
| स्नातक तह | १ | २.६३ |
| जम्मा | ३८ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार उतरदाता महिलाहरुको शैक्षिक विवरणवाट के थाहा हुन्छ भने अझै पनि नेपाली समाजमा शिक्षाको पहुचवाट टाढा नै रहेको देख्न सकिन्छ । उत्तरदाता महिलाहरु मध्ये सवैभन्दा धेरै १२ जना अर्थात ३१.५७ प्रतिशत निरक्षर महिलाहरु रहेका छन् भने सवैभन्दा कम स्नातक गरेकी महिला १ जना अर्थात २.६३ प्रतिशत स्नातक गरेका महिला रहेका छन् । पढ्न लेख्न जानेका तर विद्यालय पढ्न नगएका महिलालाई सामान्य शिक्षितको रुपमा राखिएको छ । जसमा साक्षर ८ जना अर्थात २१.०५ प्रतिशत रहेका छन् ।त्यस्तै प्रा.वि सम्मको अध्ययन गरेका ६ जना र नि.मा.वि तह पार गरेका ६ अर्थात १५.७८. प्रतिशत रहेको र मा.वि तह ३ जना अर्थात ७.७९ प्रतिशत रहेको पाइयो भने उ.मा.वि उर्तीण २ जना अर्थात ५.२६ जना रहेको पाइयो ।अत समग्रमा भन्दा छिटो नै विवाह भएको र बालबच्चा पनि छिट्टै भएकाले नै अशिक्षित बढी रहेको पाइयो ।

### ४.२.५ पेशा

पेशा भन्नाले मानिसले स्थायी वा अस्थायी रुपमा एउटै काम गरिरहने प्रंक्रियालाई पेशा भनिन्छ । पेशा आ आफ्नो इच्छाअनुसार नै गरिन्छ जस्तै कुनै मानिसले कृषि काम रोज्दछ, कुनैले ज्यालादारी रोज्छ, कुनैले व्यापार त कुनै ले पेशाका प्रकार हुन् । औपचारिक क्षेत्रमा पेशा अनुसार महिला हिंसा कम हुन्छ, भने अनौपचारिक क्षेत्र मा महिला हिंसा बढी हुन्छ ।

**तालिका नं ४.६ उत्तरदाता महिलाको पेशाको विवरण**

| कामको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १८ | ४७.३६ |
| ज्यालादारी | ४ | १०.५२ |
| व्यापार | ३ | ७.८९ |
| व्यवसाय | ४ | १०.५२ |
| जागिर | ५ | १३.१५ |
| गृहणी | ४ | १०.५२ |
| जम्मा | ३८ | १००.०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७२

माथिको तालिका अनुसार उत्तरदाता महिला मध्ये कृषि पेशामा लागेका महिला अधिक रहेको पाइयो । जसमा १८ जना अर्थात ४७.३६ प्रतिशत महिला रहेका छन् । साहुको मेलामा गई ज्यालादारीको रुपमा काम गर्ने महिलाहरु ४ जना अर्थात १०.५२ प्रतिशत रहेका छन् ।किराना पसल , कपडा पसल चलाउने नास्ता व्यापार गर्दै आएका महिला ३ जना अर्थात ७.८९ प्रतिशत रहेका छन् । त्यस्तै होटलमा चिया, नास्ता , खाना वनाएर व्यवसाय चलाउने महिला ४ जना अर्थात १०.५२प्रतिशत रहेका छन् ।जागिर गर्ने महिला ५ जना अर्थात १३.१५ प्रतिशत रहेका छन् ।त्यस्तै घरको काम गृहणीको रुपमा वस्ने ४ जना अर्थात १०.५२ प्रतिशत रहेका छन् ।अतः माथिको तालिका अनुसार कृषि क्षेत्रमै महिलाहरु धेरै सहभागी रहेका पाइयो ।

### ४.२.६ वैवाहिक स्थिति

साधारणतया महिला र पुरुषलाई समाजले पति पत्नीको रुपमा मान्यता दिनुलाई विवाह भनिन्छ । विवाहले नै यौन जीवन र सन्तान उत्पादनलाई सामाजिक तथा कानुनी रुपमा छुट दिने गर्छ । नेपाली समाजमा विवाह संस्कार एक महत्वपुर्ण संस्कार मानिन्छ । वर तथा वधुको स्वीकृति भन्दा पनि केटी र केटाका आमा बाबु बिच हुने सम्झोता द्वारा सम्पन्न हुने विवाहलाई मागी विवाह भनिन्छ विवाह केटा र केटीबीच उमेर पुग्दै गएपछि परस्परमा वाधिने बन्धन वा प्रक्रिया हो । विवाह गरेपछि केटी मानिसहरु केटाको घर मा वा गोत्रमा वाधिने गर्दछन ।

# अध्याय - पाँच

# महिला हिंसा वारे दृष्टिकोण र महिला हिंसाका कारणहरु

## ५.१ घरेलु हिंसावारे दृष्टिकोण

महिलाले भोगेका हिंसा सहनु कारणहरुमा विभिन्न पर्दछन् त्यस्तै पृतिसत्ततात्मक मूल्यमान्यता, गरिवी र विवशता, शिक्षा र चेतनाको अभाव, वालविवाह, बहुविवाह, अनमेल विवाह, घरेलु यातना हिंसा , जातिय रुढीवादिता, अपराधिक मनोवृत्ति , राजनैतिक प्रतिबद्धताको अभाव, विश्वव्यापीकरणको नकरात्मक प्रभाव, श्रीमानले जाडरक्सी खाएर, श्रीमतीले छोरा नपाएर र परपुरुषसंग वोलचाल गरेर, बोक्सीको आरोप लगाएर, दाइजो कम ल्याएर वा भनेजति दाइजो नदिएर वा अरुको जति नदिएर, महिलाहरुको बेचविखन तथा उनीहरुलाई देहव्यापारमा सरिक गराउनु, आदि जस्ता कारणहरु पर्दछन् ।

**तालिका नं ५.१ उत्तरदाता महिलामा घरेलु हिंसावारे दृष्टिकोण**

| क्र.स | दृष्टिकोण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | थाहा छ | २० | ५२.६३ |
| २ | थाहा छैन | १८ | ४७.३६ |
| ३ | जम्मा | ३८ | १००.०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७२

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरु घरेलु हिंसावारे थाहा छ कि छैन भन्ने प्रश्नमा दुई किसिमको जानकारी देखियो जसमा थाहा छ भन्ने महिलाहर २० जना अर्थात ५२.६३ प्रतिशत महिला रहदै आएका छन् भने थाहा छैन भन्न १८ जना अर्थात ४७.३६ प्रतिशत थाहा छैन भन्ने रहेको देखियो ,अत निष्कर्षमा भन्दा यो सर्वेक्षणमा थाहा छ भन्ने दृष्टिकोण रहेको महिलाहरु नै बढी रहेको पाइयो

### ५.१.१ घरेलु हिंसा वारे जानकारी

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरुसँग घरेलु हिंसा वारे जानकारी केही छ भन्ने प्रश्न गर्दा उत्तरदाता महिलाहरुले हामीलाई अलि अलि थाहा छ भनेको र कोहीले घरेलु हिंसा भनेको त घरपरिवारको सदस्यहरुवाट माया नपाउनु, श्रीमानले सानो कुरामा पनि निहु खोज्नु र सासुको चित्त वुझाउन नसक्नु घरेलु हिंसा हो भनेर वताएका छन्भने कोही केही थाहा नभएको

वा हिंसा नै नभोगेको पाइयो । महिलाहरुसँग घरेलु हिंसा वारे जानकारी  केही छ भन्ने प्रश्न गर्दा उत्तरदाता महिलाहरुले हामीलाई  थाहा छ भनेको १५ जना रहेका पाइयो भने थाहा छैन भन्ने पनि ८ जना रहेको पाइयो निष्कर्षमा भन्दा जानकारी नै बढी भएको पाइयो ।

### ५.१.२ घरेलु हिंसा प्रतिको बुझाइ

कुनै पनि एउटा व्यक्ति वा समूहले अर्को व्यक्ति वा समूहलाई नियतीवश मनोवैज्ञानिक तनाव सिर्जना गर्नु, सामाजिक सांस्कृतिक बहिष्कार गर्नु, आदि सवै कार्यलाई हिंसा भनिन्छ भने लैङ्गिक विभेदका कारण महिला पुरुषबीच रहेका भेदभावलाई लैङ्गिक हिंसा भनिन्छ । महिला भएकै कारणले घर, परिवार, समाज र राज्यवाट गरिने सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, शारीरिक, मानसिक भेदभावलाई महिला विरुद्धको हिंसा भनिन्छ लिङ्गको आधारमा महिला भएकै कारण उनीहरु एपर गरिने शारीरिक, मानसिक, आर्थिक वा यौनजन्य क्षेत्रमा हुने दमन, शोषण, उपेक्षा, दुर्व्यवहार तथा भावनामा चोट पुऱ्याउने समेतका कार्यलाई महिला विरुद्धको घरेलु हिंसा भनिन्छ ।

धेरैजसो उत्तरदाता महिलाहरु श्रीमानवाट पीडित भएका र केही महिलाहरु परिवारका अन्य सदस्यबाट पीडित भएको पाइएको छ । महिलालाई विहान बेलुकाको समय घर भित्र सीमित बनाइनु, जुन श्रम मुल्यहीन हुनु तथा दिउसोको समय पुरुष सरह घर बाहिरको काममा लगाएर समान काममा पुरुषसरह समान ज्याला नदिनु, सानोतिनो जागिर र काम गरेर आयआर्जन गरेका महिलाले पनि आफू खुसी खर्च गर्न नपाउनु, दाइजोको कारण घर परिवारले दिने शारीरिक वा मानसिक यातना छोराछोरी जन्माएको निहुँमा लोग्नेले अर्को विहे तथा जागिरे श्रीमती भएपनि जागिरेको सिलसिलामा घर आउन ढिला हुदा तथा घरको सदस्यवाट सतित्व डगिएको लाञ्छना समेत लयाइने आदि जस्ता महिला विरुद्धको घरेलु हिंसा अन्तर्गत पर्दछन् ।

### ५.२  महिलाले भोगेका हिंसाका कारणहरु

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरुसँग हिंसाका विभिन्न कारणहरु पत्ता लगाइएको थियो । जसअन्तर्गत जाँडरक्सी सेवनको कारण, दाईजोको कारण, बहुविवाहको कारण, सम्पत्ति माथि महिला स्वामित्वको अभावका कारण र परम्परागत कुसंस्कार र अशिक्षा आदिको कारणले महिलाहरु हिंसाको शिकार भएका छन् । यसरी उत्तरदाता महिलाहरु हिंसा पिडित बन्नुपरेका कारणहरुलाई तलको तालिकामा पनि प्रस्तुत गरिएको छ ।

### तालिका ५.२ घरेलु हिंसाका कारणहरु

| क्र.सं. | हिंसाका कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | जाडँरक्सी सेवन | १२ | ३१.५७ |
| २. | दाइँजो | ५ | १३.१५ |
| ३. | बहुविवाह | ३ | ७.८९ |
| ४. | परम्परागत कुसंस्कार | ५ | १३.१५ |
| ५. | अशिक्षा | ६ | १५.७८ |
| ६. | सम्पतिमा महिला स्वामित्वको अभाव | २ | ५.२६ |
| ७. | बलत्कार | २ | ५.२६ |
| ८ | हिंसा नभोगेका | ३ | ७.८९ |
| | जम्मा | ३८ | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७२

माथि उल्लेखित गरिएको तालिकाअनुसार उत्तरदाता महिलाहरुमध्ये १२ जना अर्थात् ३१.५७ प्रतिशत महिलाहरु पुरुषहरुले सेवन गर्ने जाडँरक्सीका कारण हिंसामा परेको देखिन्छ, ५ जना अर्थात् १३.१५ प्रतिशत महिला विवाह हुँदा घरमा दाईजो नल्याएको निहुँमा हिंसामा परेको देखिन्छ भने ३ जना अर्थात् ७.८९ प्रतिशत महिलाहरु बहुविवाहका कारण, ५ जना अर्थात् १३.१५ प्रतिशत महिला परम्परागत रुपमा चल्दै आएको कुसंस्कारका कारण, ६ जना अर्थात् १५.७८ प्रतिशत महिलाहरु अशिक्षाका कारण, २ जना अर्थात् ५.२६ प्रतिशत महिलाहरु गरीबी तथा आर्थिक स्थिति कमजोर भएका कारण, २ जना सम्पतिमा महिला स्वामित्वको अभाव अर्थात् ५.२६ प्रतिशत बलात्कारका कारण हिंसामा परेको र बाँकी ३ जना अर्थात् ७.८९ प्रतिशत उत्तरदाता महिलाहरुले हिंसा नभोगेका पाईयो । त्यस्तै गरी यस अध्ययनका क्रममा गर्भपतन र बोक्सीको आरोपको कारणबाट महिलाहरु पिडित भएको पाईदैन ।

यसरी उत्तरदाता महिलाहरुले दिएको तथ्यको आधारमा महिलामाथि हुने गरेका हिंसाका विभिन्न कारणहरु रहेका छन् । ती कारणहरुलाई तल बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

### ५.२.१ जाँडरक्सी सेवन

तालिका नं ५.२ घरेलु हिंसाका कारणहरु भन्ने प्रश्नमा नमूना छनोटमा परेका उत्तरदाता महिलाहरुमा गरिएको अध्ययनमा महिलाहरु जाँडरक्सी तथा मादक पदार्थको शिकार भएर बस्न बाध्य रहेको देखिएको छ । परिवारका व्यक्तिहरु शिक्षित भइकन पनि मानवीय व्यवहारको कमीले गर्दा महिलाहरु आफ्नै श्रीमानले जाडँरक्सीको सेवन गरेका कारण आफूले दु:ख पाउन पुगेको बताउँनुहुन्छ । यसलाई निरकु महर्जनको भनाईबाट पुष्टी गर्न सकिन्छ ।

मेरो श्रीमान दिनभरी ज्याला मजदुरी गर्ने काम गर्नुहुन्छ । दिनभरी काम गर्ने अनि राती घरमा आउँने बेलामा अत्याधिक जाँड रक्सी खाएर आउनु हुन्छ । घरमा धेरै समस्याहरु हुन्छन् तर श्रीमानले घरपरिवारको बारेमा सोच्नुहुन्न । घरपरिवारका सदस्यहरु बिरामी हुँदा पनि वास्ता नगर्ने, छोरा-छोरीका आधारभूत आवश्यकताहरुलाई पनि पूरा गर्नुहुन्न ।

यसरी उत्तरदाता महिलाहरुको विश्लेषण गर्दा महिलाहरुमाथि हुने हिंसाका कारणहरुमा मुख्य गरी पुरुषले सेवन गर्ने अत्याधिक जाँडरक्सीका कारण बढी देखिन्छ । जाँडरक्सीका कारण महिलामाथि हुने हिंसाको प्रकृतिलाई हेर्दा बढी कुटपिट, नराम्रो शब्दको प्रयोग गरी गालीगलौज जस्ता मानसिक यातना दिने, तिरस्कार र हेयको दृष्टिकोण राखेको यस अध्ययनका क्रममा देखियो भने महिलाहरु आफु अबिवाहित भएतापनि साथीहरुको लहलहैमा नराम्रो संगतमा फसेर पुरुषहरुबाट बलत्कृत हुन पुगेको पाइन्छ ।

### ५.२.२ दाईजो

तालिका नं ५.२ अनुसार नमूना छनोटमा परेका उत्तरदाता महिलाहरुमा गरिएको अध्ययनमा विवाहमा केटा अथवा केटा पक्षका अन्य परिवारका सदस्यहरुले अपेक्षा गरे जत्तिको दाईजो केटीको माइती पक्षले दिन नसक्दा अथवा नदिएका कारण वैवाहिक जिवनमा हिंसा सहन बाध्यता भएको कुरा बताउँदछन् । श्रीमान् तथा घर परिवारका सदस्यहरुले बिहे गरेको शुरुशुरुमा धेरै माया गर्ने, परिवार बाहिरका व्यक्तिहरुको अगाडी माया, प्रेम देखाउने गर्दछन् तर जब बैवाहिक जीवन बित्दै जान्छ, केटा पक्षले अपेक्षा गरेको दाइजो केटीका माइती पक्षले पुरा गर्न सक्दैनन तब केटीलाई अपहेलित दृष्टिकोणले हेर्ने गरेको पाइन्छ । यो कुरालाई सीता पराजुली  ले भनेको कुराबाट पुष्टि गर्न सकिन्छ ।

मलाई मेरो परिवारका सदस्यहरुले हेप्नुको मुख्य कारण भनेको दाइजो हो । मेरो विवाहमा श्रीमान पक्षकाले भनेजस्तो सोचे जस्तो दाइजो माइती पक्षले नराखी दिएकोले श्रीमान पक्षको इज्जत गुमेको हो भनेर मलाई हेप्ने गरेको छ । दाइजोको कारणले घरमा काम गर्दा गर्दै केही काम अलिकति बिग्रन पुग्यो भने अथवा गरेको काम ढिला भयो भने विभिन्न बहानाहरु बनाई घरपरिवारका सदस्यहरुले हेप्ने, होच्याउने गर्दछ ।

यस्तो प्रकारको भनाईबाट के कुरा प्रष्ट हुन्छ भने महिलाहरु बिवाह गरेर श्रीमानको घरमा आउँदा श्रीमान तथा श्रीमानको परिवारले सोचे जत्तिको वा भने जत्तिको दाइजो नल्याएको वा कम ल्याएको भनेर हिंसा गरिएको देखिन्छ । बिवाह हुँदा दाइजो कम ल्याएको निहुँमा आफ्नो श्रीमानबाट भन्दा पनि घरका अन्य सदस्यहरु जस्तै सासु, ससुरा, नन्द, आमाजु, देवर, आदिबाट बढी पिडित भएको देखियो त्यस्तै गरी एउटै घरभित्र हुने हिंसा पनि फरक-

फरक प्रकारको हुने गरेको देखिन्छ । अलि धनी परिवारको केटी विवाह गरी प्रशस्त दाइजोको साथ ल्याइएको छ भने त्यस महिलालाई सम्मानजनक व्यवहार गरेको यस अध्ययनमा देख्न सकिन्छ ।

### ५.२.३ बहुबिवाह

तालिका नं५.२ अनुसार समाजमा महिला हिंसा हुनुका विभिन्न कारणहरुमध्ये बहुबिवाह पनि एक मुख्य कारणको रुपमा रहेको छ । बहुबिवाह गर्नुको पछाडि धेरै सामाजिक कारणहरु रहेका हुन्छन् । जस्तै :- बिहेमा सोचेजस्तो, भने जस्तो दाईजो नपाएर, कुलतमा फसेर, साथीभाईको नराम्रो संगतमा लागेर, श्रीमतीले छोरी-छोरी मात्र पाई छोरा पाइन भनेर, श्रीमती राम्रो, पढेकी भईन आदि विभिन्न बहानाहरु राखी घरमा एउटा श्रीमती हुँदाहुँदै अर्को विवाह गर्ने परम्परा नेपाली समाजमा व्याप्त रहेको देखिन्छ, जुन कुरा यस अध्ययनका क्रममा पनि पाइयो । अध्ययन गरिएका ३८ जना उत्तरदाता महिलाहरुमध्ये ३ जना महिलाहरुको श्रीमानले दोस्रो विवाह गरी विभिन्न पिडाहरु दिएको बताउँदछन् । यस अध्ययनका क्रममा उत्तरदाता महिलालाई छोरीको बिहे गर्ने उमेरमा तपाईको श्रीमानले अर्की श्रीमती ल्याउँदा तपाईलाई कस्तो लाग्यो ? भनेर प्रश्न गर्दा बिनु तामाङ को भनाई यस प्रकार रहेको छ ।

> यो पुरुष प्रधान समाजमा पुरुषले जे गर्दा पनि समाजले स्वीकार गर्ने तर हामी जस्ता महिलाहरुले आफ्नो बालबच्चाको भोको पेट पाल्न ईमानदारका साथ काम गर्दा पनि जस पाउदैन । यो स्वार्थी संसारमा पुरुषहरुले फेरि फेरि विवाह गर्न पाउने तर महिलाहरुले पर पुरुषलाई एकै छिन बोल्दा, हाँस्दा पनि शंकाको दृष्टिले हेरी आफु परस्त्रीको संगतमा लागे जस्तै श्रीमती पनि परपुरुषसँग लागि हालेछिन् कि भनेर छाडा बोलीको प्रयोग गरी कुटपिट तथा गालीगलौज गर्दछन् ।

यस भनाईबाट के पुष्टि हुन्छ भने श्रीमान्हरु जतिसुकै शिक्षित, जान्ने, बुझ्ने भएतापनि घरमा श्रीमती भइकन पनि परस्त्रीहरुसँग लाग्ने, श्रीमतीलाई बहुबिवाह गर्छु भनेर धम्की दिने गरेको पाइन्छ । यसरी परिवारमा पुरुषहरुले स-सानो निहुँमा बहुबिवाह गर्न अभिप्रेरित हुन पुगेको देखिन्छ भने गरीबी तथा आर्थिक अवस्था कमजोर एंव अशिक्षाका कारण महिलामाथि हिंसा हुने गरेको यस अध्ययनका क्रममा देखियो, जुन पिडा शारीरिक रुपमा भन्दा बढी मानसिक रुपमा रहेको अनुमान गर्न सकिन्छ ।

### ५.२.४ सम्पत्ति माथि महिला स्वामित्वको अभाव

तालिका नं ५.२ अनुसार महिलामाथि हुने घरेलु हिंसाका विभिन्न कारणहरुमध्ये सम्पत्तिमाथि महिलाको स्वामित्वको अभाव हुनु पनि एक हो । कानुनी रुपमा सम्पत्तिमाथि

महिलाहरुको स्वामित्व रहेको छ भनिए तापनि व्यवहारमा पाइएको छैन । यस कुरालाई संगीता महर्जनको तथ्यबाट पुष्टि गर्न सकिन्छ ।

> बिहान ४ बजेदेखि बेलुका १० बजेसम्म घरको काम जत्तिसुकै गर्दा पनि कहिले नसकिने, काम गरेको जस नपाउने, आफूलाई आपतविपत पर्दा, आफू बिरामी हुँदा समेत उपचार खर्चको वेवास्ता गर्दछन् । त्यस्तै गरी हामी महिलालाई बाहिरी कामकाजमा संलग्न नगराउने, घरभित्रका घरायसी काममा मात्र सिमित राख्ने, घरायसी काम गर्दा आर्थिक पक्षमा सबल नहुने, आफूलाई चाहिने कुराहरु खरीद गर्न तिनीहरु सँग हात फैलाउनुपर्ने र बाहिरी कामकाज गर्छु भन्दा पनि म पैसा कमाउने मान्छे छदैछु तँ घरको काम र बच्चाबच्ची मात्र सम्हाल भनी आफू महिला भएकै कारण दबाइएको पाइन्छ ।

माथिको भनाईअनुसार हाम्रो समाजमा महिलाहरु घरेलु हिंसा पिडित बनेर बस्न बाध्य हुनुको कारणहरुमध्ये महिलाहरुको सम्पत्तिमाथि स्वमित्व रहन नसक्नु पनि एक हो । घरपरिवारमा महिला आफूले जतिसुकै दुःख, मिहेनत, परिश्रम गरी आयआर्जन गर्दा पनि आफ्नो हक तथा अधिकार नहुँदा पुरुषहरुको अधिनमा महिलाहरु दुःख, पिडा सहेर बस्नुपर्ने बाध्यता रहेको पाइन्छ ।

### ५.२.५ परम्परागत कुसंस्कार र अशिक्षा

तालिका नं ५.२ अनुसार नेपाली समाजमा महिलाहरु घरेलु हिंसामा पर्नुका विभिन्न कारणहरुमध्ये अर्को मुख्य कारण परम्परागत रुपमा चल्दै आएको कुसंस्कार रहेको देखिन्छ । यसमा दानमाया महर्जनको भनाईबाट पुष्टि गर्न सकिन्छ ।

> बाबु बराजुको पालादेखि चलेको चलन नमान्ने हो भने परिवारमा एक्लो गराइन्छ, घरबाट निकाला गरिन्छ, हाम्रो मन भित्रभित्रै तड्पाउने खालका वा मन जलाउने खालका व्यवहारहरु गरिन्छ । यस्तो गर्नु हुदैन भनेर हाम्रो लागि घरघरमा आएर हेरी दिने कोही छैन । हाम्रो देशमा कानुन भएर वा बनेर के भयो ? ती कानुनले हामीलाई सहयोग गर्दैन, कानुन त लड्न सक्ने, धेरै पैसा हुने मान्छेका लागि मात्र छ । आफु माथि भएको हिंसा चुपचाप लागेर सहनु विकल्प अरु छैन ।

यी अभिव्यक्तिले के कुराको संकेत गर्दछ भने हाम्रो समाजमा प्रचलित संस्कार, परम्पराहरुलाई जानी, नजानी, मन लागी नलागी अगाल्न पुग्दा बाध्य भएर हिंसा पिडित बन्नु परेको अवस्था अहिले पनि विद्यमान छ भने अर्कोतिर महिलामाथि हुने हिंसाको रोकथामको लागि जे जस्ता कानूनहरु बनेता पनि

तिनीहरु व्यवहारमा लागू हुन नसकेको, समाजमा धेरै महिला दिदी बहिनीहरु शिक्षाबाट पनि वञ्चित बन्न पुग्दा आफुमाथि आई परेका समस्याहरुको कारण के हो, कुन निर्णय सही हो र कुन निर्णय गलत हो भनेर पत्ता लगाउन नसकी जीवन व्यर्थै खेर फालि रहन विवश छन् । २१ औं शताब्दी बितिसक्दा पनि परम्परादेखि चल्दै आएका कतिपय कुसंस्कारहरुले गर्दा महिलाहरुलाई घुमाई फिराई हिंसा पिडित बन्न बाध्य तुल्याईएको यस अध्ययनका क्रममा देखिन्छ ।

### ५..३ महिलाहरुले हिंसा सहनुका कारणहरु

हाम्रो देशमा घरलु तथा वाह्य क्षेत्रमा महिलाहरुले हिंसा सहन वाध्य छन् । कुनै पनि एउटा व्यक्ति वा समूहले अर्को व्यक्ति वा समूहलाई नियतीवश मनोवैज्ञानिक तनाव सिर्जना गर्नु, गाली बेइज्जति गर्नु, कुटपिट गर्नु, जिउ मास्नु वा बेच्ने कार्य गर्नुलाई लैङ्गिक हिंसा भनिन्छ । हिंसाका कारण सहनुमा अन्य तत्वहरुले प्रभाव पार्दछ ।

**तालिका न ५.३ महिलाहरुले हिंसा सहनुका कारणहरु**

| क्र.सं. | महिलाहरुले हिंसा सहनुका कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | श्रीमान र घरपरिवारको डरले | ११ | २८.९४ |
| २. | समाजबाट अपहेलित हुनेको डरले | ४ | १०.५२ |
| ३. | आफ्नो आयआर्जनका बाटो नभएका कारण | ९ | २३.६८ |
| ४. | बच्चाहरुको भविष्यको लागि | ५ | १३.१५ |
| ५. | अशिक्षा | ६ | १५.७८ |
| ६. | हिंसा नभोगेका | ३ | ७.८९ |
| | जम्मा | ३८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार कुल उत्तरदाता महिलाहरुको संख्या ३८ मध्ये ११ जना अर्थात् २८.९४ प्रतिशत महिलाहरुले श्रीमान तथा घरपरिवारको डरले आफुमाथि भएको हिंसा सहेर बसेको बताए भने ४ जना अर्थात् १०.५२ प्रतिशत माहिलाहरुले आफुमाथि भएको हिंसाको विरोध गर्दा समाजले के भन्ला र फेरी उल्टै झन् नराम्रो पो हुने हो कि भन्ने डरमा जस्तोसुकै हिंसा पनि सहेरै बस्नु परेको कुरा बताउँछन् । ९ जना अर्थात् २३.६८ प्रतिशत महिलाहरुले घरायसी काममा मात्र सिमित रहनु पर्दा आर्थिक अवस्था कमजोर भएको र महिलाहरुको आफ्नो आयआर्जनको बाटो नभएका कारण श्रीमान तथा परिवारका सदस्यबाट भएको हिंसा आफू चुप लागी सहेर बसेको बताए । ५ जना अर्थात् १३.१५ प्रतिशत महिलाहरुले बच्चाहरुको भविष्यको लागि चुपचाप लाग्नु परेका बताउँदछन् । त्यस्तै ६ जना अर्थात् १५.७८ प्रतिशत महिलाहरुले

आफू अशिक्षित रहेका कारणले केही कुरा जान्न बुझ्न नसक्दा हिंसा सहनु बाहेक अर्को बिकल्प नभएको बताए भने ३ जना अर्थात् ७.८९ प्रतिशत महिलाहरुमा हिंसा नभएको पाइयो ।

## ५.४ महिला हिंसा न्यूनीकरण वारे धारणा

महिला माथिको हिंसालाई कम गर्न वा रोक्नका लागि सर्वप्रथम त महिला शिक्षामा जोड दिनुपर्ने, हिंसाबाट पीडित महिलालाई आवश्यक उद्धार तथा सेवा प्रदान गर्ने, महिलालाई आर्थिक रुपमा सबल र सक्षम बनाइ आफ्ना अधिकारप्रति सचेत बनाउने धारणा उत्तरदाता महिलाहरुको रहेको पाईन्छ । समाजमा महिलालाई हेर्ने परम्परागत सोच, मूल्य मान्यतामा परिवर्तन ल्याउने खालका कार्यक्रम संचालन गर्नु पर्ने, महिला हिंसा अन्त्यका लागि महिला पुरुष ऐक्यबद्ध भई अघि बढ्नु, महिलालाई सीपमुलक तालिमहरु प्रदान गरेर आत्मनिर्भर बनाउन जरुरी देखिन्छ जसले गर्दा पुरुषमाथिको आत्मनिर्भरतामा कमी आउँछ । सीपमूलक तालिमले आय आर्जनको बाटो खोलिदिने हुँदा महिलाले आफूमा आत्मविश्वास जगाउन सक्ने हुन्छ सोही कारणले हिंसा सहेर बस्ने बाध्यता नरहने धारणा उत्तरदाता महिलाको रहेको छ ।

महिलामाथि हुने हिंसाले महिलालाई मात्रै असर गर्दैन यसले त सिङ्गो समाजलाई नै असर गर्दछ भन्ने कुराको चेतना सम्पूर्ण जनमानसमा पुऱ्याउन जरुरी छ । घरेलु हिंसाका दोषीलाई कानुनी दायराभित्र ल्याउनका लागि घरेलु हिंसा नियन्त्रण सम्बन्धी, विधेयक यथाशिघ्र पारित गर्न आवश्यक छ । महिलालाई हेर्ने रुढिवादी मूल्य मान्यतामा परिवर्तन गर्दै महिलालाई आर्थिक रुपमा सुढृढ, शिक्षित तथा आत्मनिर्भर गराउने तर्फ सबैको ध्यान केन्द्रित हुन आवश्यक छ । हाम्रो समाजमा विद्यमान अन्धविश्वास धारणाहरु हटाउने र लैङ्गिक समानता सम्बन्धी जनचेतना जगाउने खालका कार्यक्रम ल्याउन जरुरी छ तब मात्र हिंसा कम गर्न सकिन्छ भन्ने धारणा उत्तरदाता महिलाहरुको रहेको छ ।

हाम्रो देश नेपालमा महिला दिवस मनाइ रहेको आज सयौँ वर्ष बितिसक्दा पनि हिंसाका नयाँ-नयाँ रुपहरुको आगमनले गर्दा महिलाको अवस्था झनझन बिग्रदैं गइरहेको छ । उत्तरदाता महिलाहरुको भनाईअनुसार हिंसाको जानकारी कुनै संघसंस्थामा दिँदा कानुनले केही सहयोग त गर्छ तर फेरि त्यही परिवारमा जीवन गुजार्नु पर्छ जसले गर्दा पनि महिलामाथि भएको हिंसा प्रस्फुटन भई बाहिर उजागर हुन सकेको छैन । यसैले महिलामाथि भएको हिंसा खुलेआम भन्न सक्ने वातावरण मिलाउन अर्थात् सोही परिवारमा बसे पनि त्यस्तो हिंसा नदोरिओस् भनेर यसको लागि उचित कानुन निर्माण हुनु जरुरी देखिन्छ जुन विभिन्न व्यक्तिहरुको धारणा रहेको पाइन्छ ।

# अध्याय ६

# महिलाहरु माथि हिंसाबाट पर्न गएको असरहरु

## ६.१ महिलाविरुद्ध हिंसाका असरहरु

हिला विरुद्ध हिंसाका असरहरु भन्नाले महिलालाई हिंसाका कारणले के के प्रभाव पारेको छ भन्ने प्रश्नमा उत्तरदाताहरुवाट शारीरिक तथा मानसिक असर पर्न गएको देखिन्छ । हिंसा विरुद्ध आवाज उठाउने कार्य हिंसा सहनु भन्दा पनि कठिन हुने उनीहरुको अभिव्यक्ति पाइयो । यसले उनीहरुलाई झन् सामाजिक बहिष्कार तथा लाञ्छनाको सामना गर्नुपर्ने अवस्थाको सृजना भएको पाईन्छ । हिंसा विरुद्ध आवाज उठाउँदा घरबाट नै निकालिएको अवस्था छ जसले गर्दा उनीहरु घरपरिवार त्यागी छुट्टै बसेको अवस्था छ । यस्ता विभिन्न प्रकारका हिंसाजन्य व्यवहार सहनाले उनीहरुले मानसिक कष्ट एंव निराशताका कारण आफ्नो क्षमता, मानसिकता र गतिशीलतासम्म गुमाउनु पर्ने स्थिति उत्पन्न हुन पुगेको पाइन्छ । तसर्थ महिलाहरु माथि हिंसाबाट पर्न गएको असरहरु यस अध्यायमा विस्तृत रुपमा समावेश गरिएको छ ।

**तालिका नं ६.१ हिंसाबाट पर्न गएको असरहरु**

| क.स | हिंसाको प्रकार | हिंसावाट पर्न गएको असर | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | घरको काममा विभेद | शारीरिक र मानसिक | ६ | १५.७८ |
| २ | दाइजोको कारण हिंसा | मानसिक | १९ | ५० |
| ३ | हिंसा नभोगेका | – | ९ | २३.६९ |
| ४ | धम्की दिने | मानसिक | ३ | ७.८९ |
| जम्मा | | | ३८ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार नमुना छनौटका परेका उत्तरदाताहरुमा शारीरिक र मानसिक असर परेर बसेका उत्तरदाता महिलाहरु ६ जना अर्थात १५.७८ प्रतिशत महिलाहरु घरभित्रको काममा विभेदीत अवस्थामा रहेको पाइयो भने २ जना अर्थात ५.२७ प्रतिशत दाइजोको कारण हिंसामा परेका अर्थात हिंसा नभोगेका ९ जना

अर्थात २३.६९ प्रतिशत रहेका छन् भने धम्की दिने ३ जना अर्थात ७.८९ त्यस्तै गरि परिवारका अन्य महिलाले भोगेका हिंसाहरुमा घरको काममा नै विभेद धेरै १५.७८ प्रतिशत रहेको पाइयो ।

## ६.२ हिंसावारे अरुसंग भनेको वा नभनेको सम्वन्धि विवरण

अध्ययनका क्रममा उत्तरदाता महिलाहरुसँग तपाईमाथि भएको हिंसा विरुद्ध अरु कसैसँग भन्नु भयो कि भएन यदि भन्नु भयो भने कस-कससँग भन्नुभयो ? भनेर प्रश्न सोधिएको थियो । उक्त प्रश्नको उत्तरमा उत्तरदाता महिलाहरुले विभिन्न उत्तरहरु दिएका थिए जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं.६.२ हिंसा अरुसँग भनेको वा नभनेको सम्बन्धी विवरण**

| क.सं. | हिंसा अरुसँग भनेको वा नभनेको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | माइतीसँग भनेको | १२ | ३१.५७ |
| २. | साथीसँग भनेको | ९ | २३.६८ |
| ३. | छरछिमेकीसँग भनेको | १ | २.६३ |
| ४. | संघसंस्थामा भनेको | ३ | ७.८९ |
| ५. | छोरीहरुसँग भनेको | ३ | ७.८९ |
| ६. | कसैसँग पनि नभनेको | ७ | १८.४२ |
| ७. | हिंसा नभोगेका | ३ | ७.८९ |
| | जम्मा | ३८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरुमध्ये १२ जना अर्थात् ३१.५७ प्रतिशत महिलाहरुले आफुमाथि भएको हिंसाका बारेमा माइतीसँग भनेको पाइयो, त्यस्त९ जना अर्थात् २३.६८ प्रतिशत महिलाहरुले साथीसँग, १ जना अर्थात् २.६३ प्रतिशत महिलाहरुले छरछिमेकीसँग, ३जना अर्थात् ७.८९ प्रतिशत महिलाहरुले संघसंस्थाहरुमा र ३ जना अर्थात् ७.८९ प्रतिशत महिलाहरुले छोरीहरुसँग भनेको पाइयो भने ७ जना अर्थात् १८.४२ प्रतिशत महिलाहरुले आफूमाथि भएको हिंसा कसैसँग पनि नभनेको पाइयो । आफूमाथि भएको हिंसा अरुलाई भन्दा आफूमाथि झन् हिंसा बढाई दिने हो की भन्ने डरले पिडाहरु दबाएर बसेको उनीहरु बताउँदछन् भने बाँकी ३ जना अर्थात् ७.८९ प्रतिशत महिलाहरुमा हिंसा नभएको पाइएको छ ।

## ६.३ हिंसा सम्बन्धी उजुरीको विवरण

अध्ययनका क्रममा उत्तरदाता महिलाहरुसँग तपाई माथि भएको हिंसा विरुद्ध कतै उजुरी गर्नु भयो कि भएन भनी प्रश्न सोधिएको थियो उक्त प्रश्नको उत्तरमा उत्तरदाता महिलाहरुबाट के थाहा पाइयो भने हिंसा पिडित महिलाहरु मध्ये थोरै महिलाहरुले मात्र सम्बन्धित ठाउँमा उजुरी गरेको पाइयो भने धेरै महिलाहरुले आफूमाथि भएको हिंसा विरुद्ध उजुरी नगरेको पाइयो । घरपरिवारको डर समाजको लाञ्छनाको डर र आफ्नो आयआर्जनको बाटो नभएका कारण उक्त महिलाहरुले आफूमाथि हिंसा कहि कतै नभनेको पाइयो । अध्ययनका क्रममा महिलाहरुले हिंसा सम्बन्धी उजुरी गरेको वा नगरेको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं.६.३ हिंसाको उजुरी सम्बन्धी विवरण**

| क्र.सं. | उजुरीको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | गरेको | ९ | २३.६८ |
| २. | नगरेको | २६ | ६८.४२ |
| ३. | हिंसामा नपरेको | ३ | ७.८९ |
| | जम्मा | ३८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका  अनुसार उत्तरदाता महिलाहरुमध्ये २६ जना अर्थात् ६८.४२ प्रतिशत महिलाहरुले आफूमाथि भएको हिंसा माथि उजुरी नगरेको पाइयो । उत्तरदाता महिलाहरुमध्ये कतिपयले श्रीमान सासु ससुराको डरले आफूमाथि भएको हिंसा कतै उजुरी नगरेको बताएका थिए भने कतिपयले त्यस्तो ठाउँको बारेमा आफूलाई थाहा नभएको बताएका थिए त्यस्तै गरी कतिले झन् बढी हिंसा बढ्ने डरले आफूमाथि भएको हिंसा कतै उजुरी नगरेको बताएका थिए । भने ९ जना अर्थात् २३.६८ प्रतिशत महिलाहरुले आफूमाथि भएको हिंसा माथि उजुरी गरेको पाइयो । उजुरी गर्ने महिलाहरुमध्ये कतिले कीर्तिपुर नगरपालिका कार्यालयमा र कतिले कीर्तिपुरको प्रहरी चौकीमा उजुरी गरेका थिए भने बाँकी ३ जना अर्थात् ७.८९ प्रतिशत महिलाहरु हिंसाहरुमा नपरेको पाइयो ।

## ६.४ हिंसाप्रति न्यायको  विवरण

यस अध्ययनका क्रममा उत्तरदाता महिलाहरुले आफूमाथि भएको हिंसाप्रति उजुरी गरेकोमा कतिपय महिलाले न्याय पाएका थिए भने कतिपयको छानबिन हुदै गरेको पाईयो । उत्तरदाताले न्याय पाएको वा नपाएको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.६.४ हिंसा प्रति न्यायको विवरण**

| क्र.सं. | उजुरीमा न्याय पाएको वा नपाएको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | न्याय पाएका | ५ | ५५.५५ |
| २. | न्याय नपाएका | १ | ११.११ |
| ३. | प्रक्रियामा रहेको | ३ | ३३.३३ |
| | जम्मा | ९ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार  अनुसार उत्तरदाता महिलाहरुमध्ये ५ जना अर्थात् **५५.५५** प्रतिशत महिलाहरुले आफूले दिएको उजुरी माथि न्याय पाएको देखियो । न्याय पाएका महिलाहरु मध्ये कतिले हिंसकलाई सँगै राखेर छलफल गरी सहमती भएको जानकारी पाइयो त्यस्तै बलात्कार गरेर फरार हुने हिंसकलाई खोजी दुवैको सम्बन्धलाई पुन मिलन गराएको पनि पाइयो । कुटपिट तथा गालीगलौज गर्ने हिंसकले पिडित पक्षलाई क्षतिपूर्ति दिई आइन्दा कहिल्यै त्यस्तो आरोप नलगाउने सहमति गराइयो भने १ जना अर्थात् ११.११ प्रतिशत महिलाले आफूले दिएको उजुरी माथि न्याय नपाएको पाइयो । आफूलाई कमजोर ठानेर र आफू गरीब भएको कारण न्याय पाउन नसकेको उनीहरुले बताएका थिए । त्यस्तै ३ जना अर्थात् ३३.३३ प्रतिशत महिलाहरुले आफुले दिएको उजुरीमाथि छानबिन हुँदै गरेको बताएका थिए ।

**६.५ परिवारका अन्य महिलाहरुले हिंसा सहनुका कारणहरु**

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरुसंग हिंसा सहनुका कारणहरुको वारेमा प्श्न सोधिएको थियो । महिलाले हिंसा सहनुमा विविध कारणहरु रहेको कुरा बताएका छन् । एकातिर आफ्नै श्रीमान तथा परिवारकै सदस्यवाट भएको हिंसा कानुन वा संस्थामा जानकारी दिदा भोली सोहि परिकारमै जीवन गुर्जान पर्छ भन्ने डरले भन्न चाहदैनन अर्थात हिंसाको अध्ययन गर्दा कानुनले केही सहयोग त गर्छ फेरि त्यहि परिवारमा जीवन गुजार्न वा विताउनुपर्छ जसले गर्दा पनि महिला आफु माथि भएको हिंसा प्रस्फुटन भई बाहिर उजागर हुन सकेको छैन ।यसैले अध्ययन क्षेत्र अन्तर्गत अधिकांस महिलाले श्रीमान तथा घरपरिवारका अन्य सदस्यबाट कुटपिट तथा गालीगलौचका घटनामा उजुरीका लागि सम्वन्धित निकायमा जानुपर्ने आवश्यकता ठान्दैनन् ।

हाम्रो समाजमा हिंसा पिडित हुने महिलामध्ये कतिपयले हिंसा सहेर घरमा नै वस्छन् भने कतिपय महिलाहरु सहयोगका लागि विभिन्न कानुनी क्षेत्र तथा निकायमा आएका महिलाहरुले पनि आफूमाथि भएको हिंसा सहेर बस्दै आएकोमा सहनै नसक्ने परिस्थिति उत्पन्न

हुने गरि हिंसा हुन थालेपछि कानुनी उपचारका लागि सम्बन्धित ठाउमा गएको कुरा अध्ययनका क्रममा जानकारी दिएका छन् ।

**तालिका नं ६.५ परिवारका अन्य महिलाले हिंसा सहनुका कारणहरु**

| क.सं. | हिंसाको कारण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घरको काममा विभेद | ५ | ५५.५५ |
| २. | दाइजोको कारण हिंसा | १ | ११.११ |
| ३. | हिंसा नभोगेका | ३ | ३३.३३ |
| | जम्मा | ९ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरुमध्ये घरको काममा विभेद ५ जना अर्थात५५.५५ प्रतिशत र दाइजोको कारण १ जना अर्थात हिंसा नभोगेका कारण ३ जना अर्थात ३३.३३ प्रतिशत रहेको पाइन्छ ।

## ६.६ ति महिलाविरुद्ध परिवारमा हिंसा भइरहदा थाहा पाउने व्यक्ति

हामीले गरेको अध्ययनमा हिंसा भइरहदा पनि रमिता हेरेर बस्ने त्यहि घरकी छोरी ,छोरा श्रीमान ,जेठानी, जेठाजु आदि जस्ता व्यक्तिले बुहारी ले गरेको काममा चित्त नवुझाउनु, उनीहरुले भनेको नमानेमा अनेक बहाना बनाएर वचन लगाउने गरेको पाइयो ।सासु ले वुहारीलाई वचन लगाउदा थाहा पाउने नन्द ५ जना , दाइजोको कारण १ जना श्रीमान र सासु किचकिच गर्दा थाहा पाउने देवर रहेको पाइयो ।

# अध्याय - सात

# सारांश एंव निष्कर्ष

## ७.१ सारांश

प्रस्तुत अध्ययन काठमाडौं जिल्लामा पर्ने कीर्तिपुर नगरपालिकाको वडा नं. १६ नगाउँ क्षेत्रमा गरिएको हो । महिलाहरु माथि हुने हिंसाका प्रकार, कारण, असरहरु र हिंसाप्रति उनीहरुको धारणा के-के हुन् आदि पत्ता लगाउने यस अध्ययनको उद्देश्य रहेको छ । यस अध्ययनको क्रममा आवश्यक तथ्यहरु संकलनका लागि प्राथमिक तथा द्वितीय तथ्याङ्कको प्रयोग गरिएको छ । समग्रमा केही महिलाको छनौटका लागि सम्भाव्य नमूना छनौट विधि अन्तर्गतको गोला प्रथाद्वारा छनौट गरिएको छ ।

प्रस्तुत अध्ययनका क्रममा निश्चित स्रोत, साधन, समय तथा अर्थतन्त्रको अभाव आदिको कारणले गर्दा सिमित क्षेत्र भित्रका सबै महिलाहरुलाई समेट्न सकिएको छैन । यस अध्ययनमा उत्तरदाता महिलाहरु माथि हुने घरेलु हिंसाका प्रकारहरु के-के हुन् ? घरेलु हिंसाका कारणहरु के-के हुन् ? घरेलु हिंसा सहनुका कारणहरु के-के हुन् ?, हिंसाबाट महिलाहरुमा पर्ने असर के-के हुन् ? यसप्रति महिलाहरुको धारणा के छ आदि पक्षका बारेका अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययन कीर्तिपुर नगरपालिका वडा नं १६ नगाँउका महिलाहरुमा भएको लैङ्गिक हिंसा को वारेमा अध्ययन गर्न को लागि त्यस ठाउको चयन गरिएको र जातजाति का आधारमा कुल ७४७ घरपरिवारहरुमा जम्मा जनसंख्या ३,२०२ जना बसोबास रहेका छन् । त्यसमा पुरुषहरुको सङ्ख्या १,५७५ रहेका छन् भने महिलाहरुको सङ्ख्या १,६२७ रहेका छन् । यसमध्ये अध्ययनको सरलताको लागि कुल ७४७ घरपरिवार मध्येबाट ३८ घरपरिवारलाई छनौट गरी प्रत्येक घरपरिवारबाट एक एक जना महिलालाई उत्तरदाताको रुपमा छनौट गरिएको छ । अध्ययनका क्रममा सम्भाव्य नमूना छनोट विधि अन्तर्गत गोला प्रथा विधिको प्रयोग गरिएको छ ।उक्त अध्ययन मा कुल घरपरिवारमध्ये उद्देश्यमूलक विधि अनुसार ३८ घरपरिवार लाई मात्र छनोट गरिएको छ जसमा टाठावाठा, वोल्नसक्ने साक्षर, महिलालाई छनोट गरिएको छ ।

जातजाति अनुसार उत्तरदाता हरु मध्ये बाट छनौट गर्दा नेवार २९ जना अर्थात ७६.३१ प्रतिशत र ब्राहमण ५ जना अर्थात १३.१५, तामाङ २ जना गरि ५.२६ प्रतिशत रहेको पाइयो र गुरुङ्ग र क्षत्री १ १ जना गरि २.६३प्रतिशत रहेको पाइयो । ।समग्रमा महिला छनौट गर्दा पनि नेवार जाति नै बढी ७६.३१ प्रतिशत रहेको पाइयो ।

धर्मको कुरा गर्दा उत्तरदाता महिलामा हिन्दु धर्म मान्ने २५ जना अ र्थात ६५.७८ प्रतिशत रहेको पाइयो भने बौद्ध धर्म मान्ने ८ जना अर्थात २१.०५ प्रतिशत रहेको पाइया, क्रिश्चियन धर्म मान्ने ५ जना अर्थात १३.१५ प्रतिशत रहेको पाइयो ।अत बढी हिन्दु धर्म मान्ने गरेको पाइयो ।

परिवारको कुरा गर्दा दुई प्रकारको परिवार पाइएको छ । ती हुन एकात्मक र संयुक्त उत्तरदाता महिलाहरुमध्ये २५ जना अर्थात ६५.७८ प्रतिशत महिला संयुक्त परिवारमा रहदै आएका छन् भने १३ जना अर्थात ३४.२१ प्रतिशत महिला एकल परिवारमा रहदै आएका छन् । अत संयुक्त परिवारमा सवै काम महिलाले नै वा बुहारीले गर्नुपर्छ भन्ने र महिलालाई अनेक यातना दिने हुनाले अध्ययनमा संयुक्त परिवारमा महिला हिंसा बढी हुने गरेको पाइयो ।

शैक्षिक स्थिति को कुरा गर्दा उतरदाता महिलाहरुको शैक्षिक विवरणवाट के थाहा हुन्छ भने अझै पनि नेपाली समाजमा शिक्षाको पहुचवाट टाढा नै रहेको देख्न सकिन्छ । उत्तरदाता महिलाहरु मध्ये सवैभन्दा धेरै १२ जना अर्थात ३१.५७ प्रतिशत निरक्षर महिलाहरु रहेका छन् भने सवैभन्दा कम स्नातक गरेकी महिला १ जना अर्थात २.६३ प्रतिशत स्नातक गरेका महिला रहेका छन् । पढ्न लेख्न जानेका तर विद्यालय पढ्न नगएका महिलालाई सामान्य शिक्षितको रुपमा राखिएको छ । जसमा साक्षर ८ जना अर्थात २१.०५ प्रतिशत रहेका छन् ।त्यस्तै प्रा.वि सम्मको अध्ययन गरेका ६ जना र नि.मा.वि तह पार गरेका ६ अर्थात १५.७८. प्रतिशत रहेको र मा.वि तह ३ जना अर्थात ७.७९ प्रतिशत रहेको पाइयो भने उ.मा.वि उर्तीण २ जना अर्थात ५.२६ जना रहेको पाइयो ।अत समग्रमा भन्दा छिटो नै विवाह भएको र बालबच्चा पनि छिट्टै भएकाले नै अशिक्षित बढी रहेको पाइयो ।

कृषिको कुरा गर्दा उत्तरदाता महिला मध्ये कृषि पेशामा लागेका महिला अधिक रहेको पाइयो । जसमा १८ जना अर्थात ४७.३६ प्रतिशत महिला रहेका छन् । साहुको मेलामा गई ज्यालादारीको रुपमा काम गर्ने महिलाहरु ४ जना अर्थात १०.५२ प्रतिशत रहेका छन् ।किराना पसल , कपडा पसल चलाउने नास्ता व्यापार गर्दै आएका महिला ३ जना अर्थात ७.८९ प्रतिशत रहेका छन् । त्यस्तै होटलमा चिया, नास्ता , खाना वनाएर व्यवसाय चलाउने महिला ४ जना अर्थात १०.५२प्रतिशत रहेका छन् ।जागिर गर्ने महिला ५ जना अर्थात १३.१५ प्रतिशत रहेका छन् ।त्यस्तै घरको काम गृहणीको रुपमा वस्ने ४ जना अर्थात १०.५२ प्रतिशत रहेका छन् ।अतः माथिको तालिका अनुसार कृषि क्षेत्रमै महिलाहरु धेरै सहभागी रहेका पाइयो ।

वैवाहित स्थितिको कुरा गर्दा उत्तरदाता महिलाहरु मा बढी हिंसा उनीहरुको विवाह गरेर अर्काको घरमा गएपछि उनीहरुले सोचेजस्तो हुन नसक्दा हिंसा बढी देखिन्छ । विवाहित ३८ जना अर्थात १ प्रतिशत महिला रहदै आएका छन् भने अत निष्कर्षमा भन्दा यो सर्वेक्षणमा विवाहित महिलाहरु नै बढी रहेको छ ।

घरेलु हिंसावारे दृष्टिकोणमा उत्तरदाता महिलाहरु घरेलु हिंसावारे थाहा छ कि छैन भन्ने प्रश्नमा दुई किसिमको जानकारी  देखियो जसमा थाहा छ भन्ने महिलाहर २० जना अर्थात ५२.६३ प्रतिशत महिला रहदै आएका छन् भने थाहा छैन भन्न १८ जना अर्थात ४७.३६ प्रतिशत थाहा छैन भन्ने रहेको देखियो ,अत निष्कर्षमा भन्दा यो सर्वेक्षणमा थाहा छ भन्ने दृष्टिकोण रहेको महिलाहरु नै बढी रहेको पाइयो

घरेलु हिंसावारे जानकारीमा महिलाहरुसँग घरेलु हिंसा वारे जानकारी  केही छ भन्ने प्रश्न गर्दा उत्तरदाता महिलाहरुले हामीलाई  थाहा छ भनेको ३० जना अर्थात ७८.९४ प्रतिशत रहेका पाइयो भने थाहा छैन भन्ने पनि ८ जना अर्थात २१.०५ प्रतिशत रहेको पाइयो निष्कर्षमा भन्दा जानकारी नै बढी भएको पाइयो ।

हिंसाका कारणहरुको उत्तरदाता महिलाहरुमध्ये १२ जना अर्थात् ३१.५७ प्रतिशत महिलाहरु पुरुषहरुले सेवन गर्ने जाडँरक्सीका कारण हिंसामा परेको देखिन्छ, ५ जना अर्थात् १३.१५ प्रतिशत महिला विवाह हुँदा घरमा दाईजो नल्याएको निहुँमा हिंसामा परेको देखिन्छ भने ३ जना अर्थात् ७.८९ प्रतिशत महिलाहरु बहुविवाहका कारण, ५ जना अर्थात् १३.१५ प्रतिशत महिला परम्परागत रुपमा चल्दै आएको कुसंस्कारका कारण, ६ जना अर्थात् १५.७८ प्रतिशत महिलाहरु अशिक्षाका कारण, २ जना अर्थात् ५.२६ प्रतिशत महिलाहरु गरीबी तथा आर्थिक स्थिति कमजोर भएका कारण, २ जना  सम्पतिमा महिला स्वामित्वको अभाव अर्थात् ५.२६ प्रतिशत बलात्कारका कारण हिंसामा परेको र बाँकी ३ जना अर्थात् ७.८९ प्रतिशत उत्तरदाता महिलाहरुले हिंसा नभोगेका पाईयो । त्यस्तै गरी यस अध्ययनका क्रममा गर्भपतन र बोक्सीको आरोपको कारणबाट महिलाहरु पिडित भएको पाईदैन ।

हिंसा सहनुका कारणहरु भन्ने प्रश्नमा अनुसार कुल उत्तरदाता महिलाहरुको संख्या ३८ मध्ये ११ जना अर्थात् २८.९४ प्रतिशत महिलाहरुले श्रीमान तथा घरपरिवारको डरले आफुमाथि भएको हिंसा सहेर बसेको बताए भने ४ जना अर्थात् १०.५२ प्रतिशत माहिलाहरुले आफुमाथि भएको हिंसाको विरोध गर्दा समाजले के भन्ला र फेरी उल्टै झन् नराम्रो पो हुने हो कि भन्ने डरमा जस्तोसुकै हिंसा पनि सहेरै बस्नु परेको कुरा बताउँछन् । ९ जना अर्थात् २३.६८ प्रतिशत महिलाहरुले घरायसी काममा मात्र सिमित रहनु पर्दा आर्थिक अवस्था कमजोर भएको र महिलाहरुको आफ्नो आयआर्जनको बाटो नभएका कारण श्रीमान तथा परिवारका सदस्यबाट भएको हिंसा आफू चुप लागी सहेर बसेको बताए । ५ जना अर्थात् १३.१५ प्रतिशत महिलाहरुले बच्चाहरुको भविष्यको लागि चुपचाप लाग्नु परेका बताउँदछन् । त्यस्तै ६ जना अर्थात् १५.७८ प्रतिशत महिलाहरुले आफू अशिक्षित रहेका कारणले केही कुरा जान्न बुझ्न नसक्दा हिंसा सहनु बाहेक अर्को बिकल्प नभएको बताए भने ३ जना अर्थात् ७.८९ प्रतिशत महिलाहरुमा हिंसा नभएको पाइयो

हिंसावाट पर्न गएको असर प्रश्नमा अनुसार नमुना छनौटका परेका उत्तरदाताहरुमा शारीरिक र मानसिक असर परेर बसेका उत्तरदाता महिलाहरु ६ जना अर्थात १५.७८ प्रतिशत महिलाहरु घरभित्रको काममा विभेदीत अवस्थामा रहेको पाइयो भने २ जना अर्थात ५.२७ प्रतिशत दाइजोको कारण हिंसामा परेका अर्थात हिंसा नभोगेका ९ जना अर्थात २३.६९ प्रतिशत रहेका छन् भने धम्की दिने ३ जना अर्थात ७.८९ त्यस्तै गरि परिवारका अन्य महिलाले भोगेका हिंसाहरुमा घरको काममा नै विभेद धेरै १५.७८ प्रतिशत रहेको पाइयो ।

हिंसाका असर सहनुका कारण अनुसार उत्तरदाता महिलाहरुमाथि आयआर्जनमा कमी २४ जना अर्थात ६३.१५ प्रतिशत रहेको पाइयो । दाइजोको कारण शारीरिक तथा मानसिक असर सहेर बसेका उत्तरदाता महिलाहरु ९ जना अर्थात् २३.६९ प्रतिशत रहेका छन्। हिंसा नभोगेका  कारण ५जना अर्थात् १३.१५  प्रतिशत रहेका छन् ।

हिंसा अरुसंग भनेको वा नभनेको सम्वन्धी विवरण अनुसार उत्तरदाता महिलाहरुमध्ये १२ जना अर्थात् ३१.५७ प्रतिशत महिलाहरुले आफुमाथि भएको हिंसाका बारेमा माइतीसँग भनेको पाइयो, त्यस्त९ जना अर्थात् २३.६८ प्रतिशत महिलाहरुले साथीसँग, १ जना अर्थात् २.६३ प्रतिशत महिलाहरुले छरछिमेकीसँग, ३जना अर्थात् ७.८९ प्रतिशत महिलाहरुले संघसंस्थाहरुमा र ३ जना अर्थात् ७.८९ प्रतिशत महिलाहरुले छोरीहरुसँग भनेको पाइयो भने ७ जना अर्थात् १८.४२ प्रतिशत महिलाहरुले आफूमाथि भएको हिंसा कसैसँग पनि नभनेको पाइयो । आफूमाथि भएको हिंसा अरुलाई भन्दा आफूमाथि झन् हिंसा बढाई दिने हो की भन्ने डरले पिडाहरु दबाएर बसेको उनीहरु बताउँदछन् भने बाँकी ३ जना अर्थात् ७.८९ प्रतिशत महिलाहरुमा हिंसा नभएको पाइएको छ ।

हिंसा सम्वन्धी उजुरीको विवरणअनुसार उत्तरदाता महिलाहरुमध्ये २६ जना अर्थात् ६८.४२ प्रतिशत महिलाहरुले आफूमाथि भएको हिंसा माथि उजुरी नगरेको पाइयो । उत्तरदाता महिलाहरुमध्ये कतिपयले श्रीमान सासु ससुराको डरले आफूमाथि भएको हिंसा कतै उजुरी नगरेको बताएका थिए भने कतिपयले त्यस्तो ठाउँको बारेमा आफूलाई थाहा नभएको बताएका थिए त्यस्तै गरी कतिले झन् बढी हिंसा बढ्ने डरले आफूमाथि भएको हिंसा कतै उजुरी नगरेको बताएका थिए । भने ९ जना अर्थात् २३.६८ प्रतिशत महिलाहरुले आफूमाथि भएको हिंसा माथि उजुरी गरेको पाइयो । उजुरी गर्ने महिलाहरुमध्ये कतिले कीर्तिपुर नगरपालिका कार्यालयमा र कतिले कीर्तिपुरको प्रहरी चौकीमा उजुरी गरेका थिए भने बाँकी ३ जना अर्थात् ७.८९ प्रतिशत महिलाहरु हिंसाहरुमा नपरेको पाइयो ।

हिंसासम्वन्धी न्याय को विवरण अनुसार उत्तरदाता महिलाहरुमध्ये ५ जना अर्थात् ५५.५५ प्रतिशत महिलाहरुले आफूले दिएको उजुरी माथि न्याय पाएको देखियो । न्याय पाएका महिलाहरु मध्ये कतिले हिंसकलाई सँगै राखेर छलफल गरी सहमती भएको जानकारी पाइयो

त्यस्तै बलात्कार गरेर फरार हुने हिंसकलाई खोजी दुवैको सम्बन्धलाई पुन मिलन गराएको पनि पाइयो । कुटपिट तथा गालीगलौज गर्ने हिंसकले पिडित पक्षलाई क्षतिपूर्ति दिई आइन्दा कहिल्यै त्यस्तो आरोप नलगाउने सहमति गराइयो भने १ जना अर्थात् ११.११ प्रतिशत महिलाले आफूले दिएको उजुरी माथि न्याय नपाएको पाइयो । आफूलाई कमजोर ठानेर र आफू गरीब भएको कारण न्याय पाउन नसकेको उनीहरुले बताएका थिए । त्यस्तै ३ जना अर्थात् ३३.३३ प्रतिशत महिलाहरुले आफुले दिएको उजुरीमाथि छानबिन हुँदै गरेको बताएका थिए ।

परिवारका अन्य महिलाले हिंसा सहनुका कारण अनुसार उत्तरदाता महिलाहरुमध्ये घरको काममा विभेद ५ जना अर्थात५५.५५ प्रतिशत र दाइजोको कारण १ जना अर्थात हिंसा नभोगेका कारण ३ जना अर्थात ३३.३३ प्रतिशत रहेको पाइन्छ ।

परिवारमा हिंसा भइरहदा थाहा पाउने व्यक्ति कोइ छनकि भनेर सोधेको प्रश्नमा सासु ले वचन लगाउने र रमिता हेर्ने नन्द, र५ जना अर्थात५५.५५ प्रतिशत र दाइजोको कारण अनेक बहाना वनाउने श्रीमान र सासु ले केही भन्दा हेर्ने देवर १ जना अर्थात ११.११ प्रतिशत रहेको र त्यसैगरि गाली गर्ने नन्द हेरेर बस्ने सासु ३ जना अर्थात ३३.३३ प्रतिशत रहेको पाइयो

### ७.२ निष्कर्ष

सामान्यतया कीर्तिपुर नगाँउ क्षेत्र नेवार जातिको उदगम स्थान भएको र उनीहरुको बाहुल्यता धेरै भएकोले उनीहरुमा बढी हिंसा भएको र संयुक्त परिवारमा बढी हिंसा भएको ,विवाहित महिला धेरै जसो हिंसाको शिकार बनेको यो अध्ययनवाट स्पष्ट हुन्छ । आयआर्जनको बाटो नभएको कारणले वा छोराछोरी नपाएको कारणले र छोरा नपाएको कारण ले,शिक्षा र चेतनाको अभाव, विश्वव्यापीकरणको नकरात्मक प्रभाव , श्रीमानले जाडरक्सी खाने कारण ले गर्दा र दाइजो कम ल्याएको वा भनेजति दाइजो नल्याएको कारणले र महिलाहरुको देहव्यापार जस्ता आदि कारणले गर्दा हिंसा बढी भएको पाइयो । पेशाको दृष्टिकोणले हेर्दा उत्तरदाताहरु सबैभन्दा बढी कृषिमा संलग्नता भएको देखियो । आर्थिक कारोबारमा महिलाको भन्दा पुरुषको संलग्जत बढी मात्रामा देखीयो । अधिकाशं महिलाको आफनो नाममा कुनै पनि सम्पत्ति नभएको पाईयो ।

यसैगरी उत्तरदाता महिला ले प्राप्त गरेको शिक्षाको तुलना गर्दा ति परिवारका महिलाको शिक्षा निरक्षर बढी देखिन्छ तर पनि महिलाहरु माथि हुने हिंसामा वर्तमान समयमा उनरुमा शिक्षाको ज्ञान कम भएकोले हिंसा नकरात्मक देखिन्छ । शिक्षा केबल किताबमा मात्र सिमित भएको तर मानवीय व्यवहारका रुपमा देखिन नसकेको यस अध्ययनका कममा देख्न सकिन्छ । जुन कुराको पुष्टि घरमा नारी शिक्षित भैईकन पनि उनले घरपरिवारका अरु सदस्यलाई विभिन्न बहानाहरु बनाई हिंसाजन्य दुर्व्यवहार गरेको देख्न सकिन्छ ।

अहिलेको वर्तमान समयमा आएर हिंसा सहन नसकि केही महिलाहरु कानुनी उपचार गर्न थालेका देखिन्छन् तर समाजमा विद्यमान परम्परादेखि चल्दै आएको धार्मिक कुसंस्कार, तथा मूल्यमान्यताका कारण हेय, तिरस्कृत र एक्लो महसुस गरी बाँच्न पुगेको भनाई उनीहरु मध्ये केही महिलाहरुको रहेको छ । केही पढेलेखेका उत्तरदाता महिलाहरुले पछिल्लो समयमा आएर घरको कामको साथसाथै बाहिरी आयआर्जनका कार्यहरु जस्तै जागिर, व्यापर तथा सीपमूलक तालिमहरुमा सरिक हुन थालेका छन् । यसैगरी अध्ययनका क्रममा विधवा महिलाहरुलाई पनि उत्तरदाता महिलाहरुको रुपमा छनौट गरिएको थियो तर उनीहरुको हिंसाको प्रकार र कारण अरु महिलाहरुको भन्दा फरक रहेको देखिन्छ भने उनीहरु शारीरिक रुपमा भन्दा बढी मानसिक रुपमा पिडित बनेको कुरा यस अध्ययनका क्रममा देखिएको छ ।प्राचीन समयदेखि महिलाहरु भेदभावयुक्त सामाजिक सांस्कृतिक अवधारणाको कारण समाजमा महिलाप्रति सामाजिक सोचाइगत असमानताहरु आएका छन् । समाजमा हुने यस्ता किसिमका लैङ्गिक असमानताहरुलाई जरैदेखि उखलेर फाल्नुपर्छ । महिलाहरु माथिको हिंसाको प्रमुख कारण भनेको आर्थिक र सामाजिक संरचना हो । साथै शिक्षाको क्षेत्रमा महिलाहरु पछाडि  परेका छन् । सामाजिक परिवेशका कारणले गर्दा नै आफूलाई कमजोर तथा परनिर्भर मानसिकता स्वंय महिलामा पनि विकास भैसकेको छ जसले गर्दा पनि महिलाहरु प्रतिको हिंसाको घटनाले समाजमा प्रश्रय पाउदै गएको छ

समाजमा महिलामा भएको प्रतिभा, क्षमता, व्यक्तित्व एंव सिर्जनशीलता जस्ता महत्वपूर्ण पक्षहरुलाई वेवास्ता गरेर महिलालाई घरभित्रको काममा मात्र सिमित गरेको पाइन्छ । जब कि पहिलेको समयमा श्रीमानकै कमाइमा निर्भर रहनुपर्ने महिलाहरु हिजोआजको अवस्थासम्म आई पुग्दा काम गर्न थालेका छन् । पहिले उनीहरु आफ्नो आय-आर्जन पनि नभएको र परिवारमा झै-झगडा नहोस्, शान्ति होस् भनेर जस्तोसुकै अपमानित, अवहेलना पनि सहेर बस्थे भने काम गर्न थालेसँगै चेतनामा वृद्धि भएपछि उनीहरु आत्मसम्मान र स्वपहिचानका लागि कुनै सम्झौता गर्न नहुने रहेछ भन्ने निष्कर्षमा पुगेका छन् । तसर्थ समान अधिकारका लागि महिला स्वंयले सामाजिक, आर्थिक, राजनीतिक एंव सांस्कृतिक पक्षहरुमा आत्मनिर्भर बन्नुपर्ने जरुरी देखिन्छ ।

समाजमा रहेको महिला हिंसालाई कम गर्न वा रोक्नका लागि सर्वप्रथम त विद्यमान समाजमा रहेका विभिन्न खालका समस्याहरुको चिरफार गरी ति समस्याहरुको समाधान गर्न सक्ने खालका कार्यक्रमहरु ल्याउन महिला शिक्षामा विशेष जोड दिनुपर्दछ । उनीहरुलाई हरेक क्षेत्रका आफ्ना अधिकारहरु प्रति सचेत बनाउनुका साथै आफूलाई कमजोर ठान्ने परम्परागत रुपमा रहँदै आएको मानसिकतामा परिवर्तन ल्याउन जरुरी देखिन्छ ।

नेपाली समाजमा महिला हिंसासम्बन्धी विभिन्न नियम कानुन बनाइए तापनि महिला हिंसा रोकिएका छैनन् । महिलाहरु विभिन्न प्रकारका हिंसा सहन बाध्य छन् । महिला हिंसा रोक्नु

मुलुकका प्रत्येक नागरिकको कर्तव्य हो । यस्ता कार्यका लागि एकल प्रयासले भन्दा सामूहिक प्रतिबद्धता तथा जागरण अभियानबाट समस्याको समाधान हुन सक्छ । त्यस्तै गरी शिक्षा र चेतनाको कमीका कारण हुने महिला हिंसाका घटना कमगर्ने उपाय सामाजिक जागरण नै हो । त्यसैले हामी सबै व्यक्तिहरु एकजुट भई चेतनामूलक कार्यक्रम अघि सार्नु आवश्यक छ । जबसम्म चेतनाको बिस्तार हुँदैन तबसम्म महिलाहरु पिडित भई रहन्छन् ।

अत यसरी के भन्न सकिन्छ भने प्राय महिलाहरुमा शिक्षाको कमीको कारण नै परनिर्भर हुनु पर्ने अवस्था सिर्जना हुन्छ भन्ने कुरालाई यो अध्ययनले पनि पुष्टि गरेको छ । मूलत शिक्षित महिलाले रोजगारीका अवसरहरु पाउने र पुरुषमा पूर्ण रुपमा भर नपर्ने कारणले उनीहरुमाथि हुने हिंसामा पनि कमी हुने गरेका कुरालाई यो अध्ययनले पनि बल दिएको छ ।यो अध्ययनले गाउले तर सुगम परिवेशमा हुने गरेका हिंसाहरुका कारण साथै त्यहा गरिने समाधानका उपायहरुको बारेमा सानै भए पनि महत्वपूर्ण भूमिका खेल्ने आशा गरेको छु ।स्रोत र समयको सीमितताको बाबजुत यस अध्ययनमा गाउका महिलाहरुले भोग्नुपर्ने विविध हिंसाहरुप्रति प्रकाश पारिएको

**परिशिष्ट– एकः वैयक्तिक अध्ययनहरु**

**वैयक्तिक अध्ययन - १**

वर्ष २७ की संगीता महर्जन कीर्तिपुर नगरपालिका वडा नं. १६ नगाउँ टोल मा बस्नुहुन्छ । आफू सानै हुँदा बिरामीका कारण बुबाको मृत्यु भएकोले संगीता महर्जन र आफ्नो आमा दुवै जना मामाघरमा बस्दै आउनु भएको थियो । मामाघरको पनि आर्थिक स्थिति कमजोर भएका कारण पढ्न नपाएको गुनासो गर्नुहुन्छ । उहाँका अनुसार बिहानदेखि बेलुकासम्म घरधन्दा र खेतबारीको कामले फुर्सद हुँदैन थियो । समय बित्दै जाँदा १६ वर्षको उमेर पुग्दा घरबाट अलि टाढा कीर्तिपुरमा बस्ने श्रीराम महर्जनसँग विवाह गरिदिए । यसपछि मेरो दुःखका दिनहरु शुरु भयो । श्रीमान र सासुले त शुरुमा राम्रो व्यवहार गर्नुभयो तर ससुराले जाडँरक्सी नखाएको दिनै हुदैँन थियो । जाडँरक्सी खाए पछि उल्टै मसँग निँहु खोजी स-सानो कुरालाई ठूलो बनाई झगडा गर्नुहुन्छ । त यस्ता की छोरी, हाम्रो घरमा सुहाउँदिनस्, घरबाट निस्कि गईहाल, मेरो छोरालाई त भन्दा राम्री अर्की केटी बिहे गरिदिन्छु भन्दै नानाथरीले गाली गर्नुहुन्छ । अहिले मेरो २ वटा छोरी छ । कान्छी छोरी जन्मेदेखि श्रीमानले मलाई यसपालि पनि छोरी नै जन्माइस् है भनेर शारीरिक तथा मानसिक यातना दिने कुरा उनी बताउँछिन् । अशिक्षा तथा परम्परागत कुसंस्कारको कारणले गर्दा कति जना छोरी मात्र पाउछेस् छोरा पाउन सक्दिनस् अब अर्को बिहे गर्छु अनि छोरा पाउँछु भनेर धम्की दिनुहुन्छ । आजभोली मसँग खासै राम्रोसँग बोल्नु पनि हुन्न। श्रीमान्को कुरा सहेर बस्यो भने गाली गरी कराइ रहनु हुन्छ । जहिले गालीगलौज र अपमानजनक शब्दहरु आफूलाई भन्दा मलाई पनि रिस उठ्छ । कहिलेकाहीँ मैले केही कुरा भन्दा मुखमुखै लाग्छस् भनेर कुटपिट समेत गर्नुहुन्छ । बुबा पनि हुनुहुन्न । आमा बुढेसकालले

छोई सक्यो । मामाघर पनि यस्तै हो सधै कहाँ राम्रो हुन्छ र । अरु जाने ठाउँ पनि कही छैन । बिहे भएपछि सुख, दु:ख जे भए पनि रहेर आफ्नै घरमा बस्नुपर्छ भनेर आमाले भन्नुहुन्छ । श्रीमान् तथा घरपरिवारको डरत्रासले आफ्नो पिडालाई अरुसामू नभनेको तर छोरीहरु समक्ष भनेको कुरा बताउनुहुन्छ । भाग्यको कुरा मेट्न सक्दैन मेरो भाग्य यस्तै रहेछ भनेर आफ्नो भाग्यलाई धिकार्दै छोरीहरुको भविष्यको लागि आफू बाँचिरहेको उहाँ बताउनुहुन्छ ।

## वैयक्तिक अध्ययन - २

निरकु क्षत्री ३३ वर्षकी एक महिला हुन् । उनी काठमाडौं जिल्ला अवस्थित कीर्तिपुर नगरपालिका वडा नं. १६नगाँउ मा आमा मनमाया क्षत्री र बुबा हरी क्षत्रीका कोखबाट चौथौं छोरीका रुपमा जन्मिएकी थिइन् । घरमा ३ वटा छोरी जन्मिसकेकोले गर्दा निरकुका बुबा तथा परिवारका अन्य सदस्यहरुले छोराको चाहना राखेका थिए तर दुर्भाग्यवंश यसपालि पनि छोरी नै जन्मेको थियो । यसकारणले गर्दा निरकु का बुबा तथा घर परिवारका अन्य सदस्यहरुले निरकु की आमालाई एउटा छोरा पनि जन्माउन नसकेको, असुभ, अलछिना, यस्ताको पनि के मुख हेर्नु जस्ता तिरस्कृत तथा अपहेलित गर्ने वचनहरु सुनाउने गर्नुहुन्थ्यो भने सुत्केरी अवस्थामा गर्नुपर्ने स्याहार-सुसारको कमी, पोषिलो खानेकुराहरु नखुवाउने गर्नुहुन्थ्यो । घरमा बुबा ज्याला मजदुरीको काम गर्ने भएकोले एकतिर आर्थिक स्थिति पनि कमजोर थियो भने अर्कोतिर छोरीहरुको जात अर्काको घरमा जाने जात हो, भोलीपर्सी बिहे गरेर पनि घरधन्दा सम्हाल्ने नै हो, किन पढ्न पऱ्यो भन्ने सोचले गर्दा बाल्यअवस्थामा पढ्न पठाइएन । आफूलाई पढ्नुपर्दछ भन्ने थाहा पनि नभएको उनी बताउँछिन् । बिहानदेखि बेलुकासम्म घरधन्दा गर्ने काममा फुर्सद हुदैनथ्यो । बाल्य अवस्थामा आमाबुबाले घरका कामहरु भनेको समयमा गरिएन भने गाली तथा कुटाई समेत खानु परेको उनी बताउँछिन् । काम गर्दै जाने क्रममा किशोर अवस्थामा उनको बिहे कीर्तिपुर नगरपालिका वडा नं. ३ मा बस्ने श्यामप्रसाद क्षत्री संग भयो । विवाहपश्चात अलि सुख हुने आश राखेकी निरकु झन् हिंसाजन्य दुर्व्यवहारमा फस्न पुगेको कुरा यस अध्ययनका क्रममा बताउँछिन् । बिहेपछि कसरी हिंसामा पर्नुभयो भन्ने प्रश्न सोध्दा उनी भन्दछिन् - मेरो बिहे गर्दा माइतीघरबाट मेरो श्रीमान् तथा घरपरिवारका सदस्यहरुले सोचेजस्तो दाइजो नदिएको कारणले गर्दा स-सानो कुरालाई ठूलो निँहु बनाई मलाई हेला गर्न थालिएको हो । घरमा काम गर्दागर्दै केही सामानहरु बिग्रदा पनि सासु, सुसुराहरुले तेरो माइतीबाट दाइजो ल्याएको भएर सामान बिगारेको हो, अलच्छिन केटी, यसको काम गर्ने ढङ्ग छैन भनेर गालीगलौज गरेको पाइन्छ भने सासु, ससुराको कुरा सुनेर श्रीमान्ले आफूलाई कुटपिट गर्ने गरेको र तैले केहीकाम राम्ररी गदैन, बुबाआमालाई हेरविचार गर्दैनस्, अर्को बिहे गर्छु अनि तलाई ठिक पार्छु भन्ने जस्ता धम्कीहरु दिएको उनी बताउँछिन् ।

## परिशिष्ट २ अध्ययन गर्नको लागि तयार पारिएका प्रश्नावलीहरु

१) उत्तरदाताको नाम,थर :

२) ठेगाना : नगरपालिका :

वडा न...............

टोल :.................

क) उत्तरदाताको वैयक्तिक पारिवारिक विवरण

१.१ जात/जाति :

१.२ धर्म :

१.३ परिवारको आकार : जम्मा......जना महिला ....जना .....पुरुष.....जना

१.४ परिवारको विवरण :

| क.सं. | उत्तरदातासँगको नाता | उमेर | लिङ्ग | साक्षरता शैक्षिक स्थिति | पेशा | वैवाहिक स्थिति |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |

१.५ परिवारको किसिम

क) एकल ख)संयुक्त

१.६ यदि तपाई निरक्षर भए,किन बाल्यकालदेखि पढ्नुभएन?त्यसका कारणहरु के के हुन् ?

.......................................................................................................................

१.७ विवाह गर्दा कति वर्ष को हुनुहुन्थ्यो ?

.......................................................................................................................

**ख) घरेलु हिंसा वारे दृष्टिकोण**

२.१ तपाईलाई  महिला विरुद्ध घरेलु हिंसा भनेको थाहा छ,?

क) थाहा छ                                                        ख) थाहा छैन

२.२) यदि थाहा छ भने त्यस्तो हिंसा भनेको के हो ?

(क)..........................................................................

(ख)..........................................................................

(ग)..........................................................................

(घ)..........................................................................

(ङ) ..........................................................................

२.३ तपाईको विचारमा तल दिइएका कुराहरु मध्ये कुन कुरा चाहि महिला विरुद्ध घरेलु हिंसा हुन् ?

क) छोरालाई पढ्न दिने, छोरीलाचई काममा लगाउने ,

ख)छोरालाई पढ्न पठाउने, छोरीलाई घरै राख्ने,

ग) छोरालाइ वोडिङ स्कुल पठाउने, छोरीलाई सरकारी स्कुल पठाउने,

घ) छोरालाई पढ्न पठाउने, छोरीलाई घासदाउरा चुलोचौको मा सिमित  राख्ने,

ङ)श्रीमानले श्रीमतीलाई भनेको नमानेर कुट्ने,

च) घरमा सधै झगडा गर्ने ,

छ) घरकी विधवा नारीलाई बोक्सीको आरोप लगाउने,

ज) पुरुषलाई कमाउने काममा सरिक बनाउने महिलालाई घर शान्ति गराउने रुपमा लिइनु

झ)पुरुषहरु वलियो, महिला हसिलो हुनुपर्ने,

२.४ घरपरिवारमा महिलाप्रतिको कुन कुन व्यवहारलाई स्वभाविक रुपमा सहजै स्विकार गर्न सकिन्छ र कुन कुन कुरा स्विकार गर्न सकिदैन भन्ने ठान्नुहुन्छ ?

| घर परिवारमा गरिने व्यवहार | सहजै स्विकार गर्न सकिने | सहजै स्विकार गर्न नसकिने |
|---|---|---|
| १.सासुले बुहारीलाई बचन लगाउने | | |
| २.श्रीमानले श्रीमतीलाई बचन लगाउने | | |
| ३.नन्द देवरले भाउनु लाई बचन लगाउने | | |
| ४. घरमा सधै झगडा गर्ने | | |
| ५.श्रीमानले श्रीमतीलाई चाहना नभैकन पनि यौन सम्भोगलाई वाध्य पार्नु, | | |
| ६. | | |

ग) उत्तरदाता महिलाले भोगेका घरेलु हिंसा का स्वरुप

३.१ तपाईले अहिलेसम्म परिवारका कुनै व्यक्तिवाट कुनै किसिमको हिंसा व्यहोर्नु परेको छ ?

क) छ ख) छैन

३.२ यदि व्यहोर्नु परेको छ भने कस्तो किसिमको हिसा कुन व्यक्तिवाट र कुन कारणले तपाई विरुद्ध त्यस्तो हिंसा भएको छ ?

| क.सं | हिंसाको किसिम | हिंसा गर्ने व्यक्ति | हिंसा हुनाको कारण |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |

३.३ माथि उल्लेख गरिएका हिंसाहरुवाट तपाईलाई कुनै शारीरिक, मानसिक वा अन्य कुनै चोटपटक वा असर परेको छ ?

| क.सं | हिंसाको किसिम | हिंसा गर्ने व्यक्ति | हिंसा हुनाको असर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

३.४ तपाईविरुद्ध माथि उल्लेख गरिएका हिंसा भैरहदा परिवारका अरु कुनै व्यक्तिलाई जानकारी थियो ?

क) जानकारी थियो

ख) जानकारी थिएन

३.५ यदि जानकारी थियो भने त्यस्तो हिंसा भैरहदा त्यो व्यक्तिको कस्तो प्रतिक्रिया रह्यो ?

| क.सं | हिंसाको किसिम | हिंसा गर्ने व्यक्ति | हिंसामै रहदा थाहा पाउने व्यक्ति हुनाको कारण | थाहा पाउने व्यक्तिको प्रतिक्रिया |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |

३.६ यदि हिंसा भैरंहदा थाहा भएर पनि विरोध नगरेको, हस्तक्षेप नगरेको वा मुकदर्शक वनेर रमिता हेरिरहेको भए, त्यसको कारण के के हुन् ?

(क)..........................................................................

(ख)..........................................................................

(ग)..........................................................................

(घ)..........................................................................

(ङ) ..........................................................................

३.७ तपाई बिरुद्ध भएका हिंसाका वारेमा अहिलेसम्म कसैसंग कुनै गुनासो गर्नुभएको छ ?

क) गुनासो गरेको                    ख) गुनासो नगरेको

३.८ यदि गुनासो गरेको भए, कुन कुन हिंसाको बारेमा को को संग गुनासो गर्नुभयो ?

| क.सं | हिंसाको किसिम | हिंसा गर्ने व्यक्ति | गुनासो गरिएको व्यक्ति |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

३.९ उक्त गुनासोवाट तपाईलाई कुनै उपलब्धि भयो ?

क) उपलब्धि भयो                    ख) उपलब्धि भएन

३.१० यदि उपलब्धि भए ति के के हुन् ?

क)..........................................................................................

ख)..........................................................................................

ग)..........................................................................................

घ)..........................................................................................

ङ)..........................................................................................

३.११ यदि कुनै उपलब्धि नभएको किन् ?

क)........................................................................................................

ख)........................................................................................................

ग)......................................................................................................

घ)........................................................................................................

ङ)........................................................................................................

३.१२ आफू विरुद्ध भएका हिंसाका वारेमा कुनै औपचारिक महिला संघ, संस्था, सरकारी कार्यालय, प्रहरी वा अन्य निकायमा उजुरी गर्नुभएको छ ?

क) उजुरी गरेको                                        ख) उजुरी नगरेको

३.१३ यदि कुनै निकायमा उजुरी गरेको भए, कुन व्यक्ति वाट भएको कुन हिंसाको वारेमा कहाँ उजुरी गर्नुभयो ? र त्यसको परिणाम के भयो ?

| क.सं | हिंसाको किसिम | हिंसा गर्ने व्यक्ति | उजुरी गरेको निकाय | परिणाम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

३.१४ यदि आफू विरुद्ध भएका हिंसाका वारेमा कसैसंग गुनासो पनि नगर्ने /कुनै निकायमा उजुरी पनि नगर्ने तर चुपचाप हिंसा सहेरै बसिरहेको भए, त्यसो किन गर्नुभएको हो ?

क)........................................................................................................

ख)........................................................................................................

ग)......................................................................................................

घ)........................................................................................................

ङ)........................................................................................................

घ) त्यहि परिवारका अन्य महिलाले भोगेका हिंसा

४.१ तपाईको परिवारमा तपाईवाहेक अन्य कुनै महिलाले घरेलु हिंसा व्यहोर्नु परेको छ ?

क) छ                                                                                    ख) छैन

४.२ यदि छ भने कुन कुन महिलाले यस्तो हिंसा व्यहोर्नु परेको छ ?

| क.सं | उत्तरदाता संगको नाता | उमेर |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

४.३ ति महिलाहरुले परिवारका को को वाट कस्ता कस्ता हिंसा व्यहोर्नु परेको छ ?

| क.सं | हिंसाको किसिम | हिंसा गर्ने व्यक्ति | हिंसा हुनाको कारण |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

४.४ यी माथिका हिंसाहरुवाट ति महिलालाई कुनै शारीरिक, मानसिक या अन्य कुनै किसिमको असर परेको छ ?

| क.सं | हिंसाको प्रकार | को को वाट | असर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

४.५ ति महिलाविरुद्ध हिंसा भैरहदा घरपरिवारका अन्य व्यक्ति लाई थाहा थियो ?
क) थाहा थियो                                                                          ख) थाहा थिएन

४.६ यदि थाहा थियो भने कस कसवाट कुन कुन हिंसा भइरहदा कस कसवाट जानकारी थियो र ति व्यक्तिको प्रतिक्रिया कस्तो रह्यो ?

| क.सं | हिंसाको प्रकार | कसवाट | थाहा पाउने व्यक्ति | प्रतिक्रिया |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

४.७ यदि हिंसा भइरहदा थाहा भएर पनि विरोध नगरेको हस्तक्षेप नगरेको वा मुकदर्शक वनेर रमिता हेरिरहेको भए, त्यस को कारण के के हुन सक्छ ?

क)..........................................................................................................

ख)..........................................................................................................

ग).........................................................................................

घ)..........................................................................................................

४.८ ती महिलाले अहिलेसम्म उनका विरुद्ध भएका हिंसाका वारेमा कसैसंग गुनासो गर्नुभएको छ ?

क) गुनासो गरेको

ख) गुनासो नगरेको

४.९ यदि गुनासो गरेको भए कुन कुन हिंसाको वारेमा को को संग गुनासो गर्नुभयो ?

| क.सं | हिंसाको किसिम | हिंसा गर्ने व्यक्ति | गुनासो गरिएको व्यक्ति |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

४.१० उक्त गुनासो वाट ती महिलालाई कुनै उपलव्धि भयो ?

क) उपलव्धि भयो

ख) उपलव्धि भएन

४.११ यदि उपलब्धि भएको भए , ती के के हुन् ?

क)......................................................................................................

ख)......................................................................................................

ग)....................................................................................................

घ)......................................................................................................

४.१२ यदि कुनै उपलब्धि नभएको भए ,किन?

क)....................................................................................................

ख)......................................................................................................

ग)....................................................................................................

४.१३ ती महिलाले आफू विरुद्ध हिंसाका वारेमा कुनै औपचारिक महिला ,संघसंस्था सरकारी कार्यालय, प्रहरी वा अन्य निकायमा उजुरी गर्नुभएको छ ?

क) उजुरी गरेको                    ख) उजुरी नगरेको

४.१४ यदि कुनै निकायमा उजुरी गरेको भए , कुन व्यक्ति वाट भएको कुन हिंसाको वारेमा कहाँ उजुरी गर्नुभयो, त्यसको परिणाम के थियो ?

| क्र.सं | हिंसाको किसिम | हिंसा गर्ने व्यक्ति | उजुरी गर्ने व्यक्ति | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

४.१५ ती महिलाले आफू विरुद्ध भएका हिंसाको वारेमा कसैसंग गुनासो पनि नगर्ने कुनै निकायमा उजुरी पनि नगर्ने तर चुपचाप हिंसा सहेरै बसिरहेको भए ,त्यसो किन गर्नुभएको हो

कारणहरु

क)....................................................................................................

ख)......................................................................................................

ग)...................................................................................................

घ)......................................................................................................

## सन्दर्भसूची

### पुस्तक


Acharya, M.(1997).Gender Equality.and Empowerment of Women.A Status Report

Adhikari,Keshab Prasad(2004),Issues on violence Against women in population magazine,vol.11 kathmandu.

Bennet, Lynn (1983), Dangerous Wives and Sacred Sister.Social and Symbolic roles of high-caste women in Nepal. New York: Columbia University Press.

Manandhar ,Surokshaya. (2011). Gender and Feminist Studies, kathmandu .Oxfrod Books House

WHO (1997),"violence against women:A priority Health issues.Geneva:World Healtrh Organization (WHO)

(आचार्य,वलराम(२०६८),नेपाली समाज र संस्कृतिको विश्लेषण, काठमाण्डौ :स्टुडेन्ट बुक्स एण्ड स्टेशनरी

आचार्य, मीना (२०६९). महिला अधिकार र शसक्तिकरण, वर्ष १२, अंक १,पूर्णाङ्क,१८, असार काठमाण्डौः नेपाल सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय सिंहदरवार

के.सी टंक(२०७२),महिला विकास कार्यक्रम सञ्चालक मार्गदर्शक, पुल्चोक,ललितपुर : काठमाण्डौ महिला तथा बालबालिका विभाग,

एन्गेल्स फेडरिक (२०५६)परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति - नेपाली अनुवाद काठमाण्डौ प्रगति प्रकाशन

थपलिया, उषा(२०७१)"महिला हिंसा" नारी जेठ, २०७१ वर्ष १४, काठमाण्डौ कान्तिपुर पव्लिकेशन,

अर्याल ,भोजेन्द्र (२०६८), लैङ्गिक र महिलावादी अध्ययन, काठमाण्डौ, ज्ञानकुञ्ज प्रकाशन

अधिकारी, वसन्तराज (२०६५), महिला अधिकार: लैङ्गिक समानता र महिला सशक्तिकरण काठमाण्डौ आशिष पुस्तक प्रकाशन

पोखरेल, यमुना (२०७०) "लैङ्गिक समता, समावेशीकरण र नेपाली महिला, लैङ्गिक समविकाश शिक्षा, वार्षिक प्रकाशन वर्ष १४, अंक १४, शिक्षा विभाग, सानोठिमी भक्तपुर

पोखरेल, निर्मला(२०७०) लैङ्गिक हिंसा गोरखापत्र दैनिक, फागुन २०, गोरखापत्र संस्थान, काठमाण्डौ

थापा,सरज राज(२०६५) लैङ्गिक समता नारी जेठ मासिक २०७१, वर्ष १३, काठमाण्डौ(कान्तिपुर पव्लिकेशन)

महर्जन, मतिना (२०७१), महिलामाथि हुने घरेलु हिंसाको प्रकार, अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र केन्द्रिय विभाग , त्रि.वि कीर्तिपुर

आचार्य,मिना (२०६८)"महिला अधिकार र शसक्तिकरण" शोधपत्र समाजशास्त्र केन्द्रिय विभाग, त्रि.वि कीर्तिपुर

ओरेक नेपाल (२०६८), लैङ्गिकतामा आधारित शिक्षा मासिक प्रतिवेदन कात्तिक केन्द्रिय तथ्याङ्क विभाग

अर्याल, रबिकान्त (वि.सं. २०६१), *महिला तथा बालबालिका विरुद्धको अपराध पिडित सहायता तथा अनुसन्धान पुस्तिका,* केन्द्रीय महिला तथा बालबालिका सेवा केन्द्र, अपराध अनुसन्धान विभाग प्रहरी प्रधान कार्यालय नक्साल काठमाडौं

पौडेल, ईश्वरी (वि.सं. २०६८),*नेपाली महिलाको सामाजिक, आर्थिक तथा न्यायिक परिवेश,* काठमाण्डौ :त्रि.वि., छापाखाना

ढुङ्गाना, मीरा (वि.सं. २०६७), विभिन्न राष्ट्रका संविधानमा महिला सम्बन्धी प्रावधान, राष्ट्रिय महिला अधिकार सरोकार मञ्च केन्द्रिय सचिवालय जागरण नेपाल ।

लुइटेल,ऋतुराज (१९९२), " महिला अधिकार"काठमाण्डौ राष्ढ्रिय महिला आयोग

उपाध्याय, शान्ता (२०७०), महिला विरुद्धको घरेलु हिंसा प्रतिवेदन, न्याय सेवा आयोग काठमाण्डौ सचिवालय, परिशिष्ट–७,पृ–४९ ।

अर्याल, शिवहरि (२०७०), *लैङ्गिक तथा महिलावादी अध्ययन,* शिव पब्लिकेशन प्रा.लि., काठमाण्डौ

भट्टराई, ज्ञानेश्वर र साथीहरु (वि.सं. २०६८) *महिला विकास अधिकृत परीक्षा दिग्दर्शन,* आशिष बुक्स हाउस प्रा.लि.

(CEDAW) १९९३,महिला विरुद्ध हुने हिंसा उन्मूलन सम्बन्धी संयुक्त राष्ट्रसघीय घोषणापत्र

भण्डारी, भूमि,(२०७०) चैत्र १३, हिंसाका घटनाहरु ,कान्तिपुर दैनिक, चैत्र १३,२०७०, काठमाण्डौःकान्तिपुर प्रा.लि

बराल, खगराज (२०७०), *गरिबी, शक्ति र महिला सशक्तीकरण,* वार्षिक प्रकाशन,अङ्क १४ सानोठिमी, भक्तपुरःशिक्षा विभाग

सिलवाल, बिना (२०७०), "महिला माथि गरिने घरेलु हिंसा सम्वन्धि लेख"*महिला मानव अधिकारकर्मी,* कास्की शिक्षा विभाग

श्रेष्ठ, मिना (नोभेम्बर २४, २०११), *महिला हिंसाको एउटा पाटो, वार्षिक प्रकाशन वर्ष १०, अंक १२, काठमाण्डौ*

**केही वेवसाइटहरु** www.ekantipur.com.nari.issues

www.ekantipur.com.nari.issues

www.ekantipur.com.nari.issues

(nepal.domviolence.com)।

(www.meroreport.net)

www.google.com